का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ कात्तिक २०८१,
आइतबार
10 November, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक


इपेपर हेर्न

वर्ष २२, अंक २६१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# सरकारमा सँगै मैदानमा प्रतिस्पर्धी

संघीय सरकार र प्रदेश सरकारमा सँगै रहेका नेपाली कांग्रेस र नेकपा एमाले स्थानीय तहको उपनिर्वाचनमा मुख्य प्रतिस्पर्धी हुन् । दुवै दलले पार्टीको सम्पूर्ण शक्ति लगाएर उपचुनावमा होमिने निर्णय लिएका छन् ।



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक ।

नेकपा एमालेले आगामी मंसिर १६ गते ४४ पदमा हुन लागेको स्थानीय तहको उपनिर्वाचनमा पार्टीका उम्मेदवारलाई जिताउन सम्पूर्ण शक्ति परिचालित गर्ने भएको छ । शनिवार बसेको सचिवालय बैठकले यस्तो निर्णय लिएको हो । बैठकपछि एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले पत्रकारहरूसँग भने, 'मंसिर १६ गते हुने उपनिर्वाचनका सन्दर्भमा प्रदेश कमिटीले सिफारिस गरेर पठाएका उम्मेदवारहरूको नाम अनुमोदन गर्ने निर्णय गरेको छ । सो निर्वाचनमा सिंगो पार्टी पंक्तिलाई सम्पूर्ण शक्तिका साथ परिचालित हुन निर्देशन दिइएको छ ।'

नेपाली कांग्रेस पनि स्थानीय तहको उपनिर्वाचन हुने क्षेत्रमा उम्मेदवार टुंगो लगाएर अगाडि बढ्दैछ । पार्टीभित्र सर्वसम्मत उम्मेदवार तय गरेर अधिकतम चुनाव जित्ने रणनीतिमा छ । यी दुई दल गत चुनावमा पहिलो र दोस्रो दलको रुपमा रहेका थिए । हाल संघीय सरकार र प्रदेश सरकारमा सँगै छन् । तथापि, कांग्रेस र एमाले स्थानीय तहको उपनिर्वाचनमा मुख्य प्रतिस्पर्धी हुन् । दुवै दलले पार्टीको सम्पूर्ण शक्ति लगाएर उपचुनावमा होमिने निर्णय लिएका छन् ।

उपनिर्वाचन हुने ४४ स्थानमध्ये २६ स्थानमा कांग्रेसका तर्फबाट चुनाव जितेकाहरू थिए । यसकारण पनि स्थानीय तहको उपनिर्वाचन कांग्रेसका लागि महत्वपूर्ण छ । आसन्न उपनिर्वाचनमा कांग्रेसलाई ती २६ स्थानको विरासत जोगाउनु मुख्य चुनौती हुने देखिएको छ । काठमाडौंको कीर्तिपुर नगरपालिका प्रमुख, ओखलढुंगा र कैलाली जिल्ला समन्वय समिति प्रमुख, जाजरकोटको नलगाड नगरपालिका उपप्रमुख, मोरङको ग्रामथान गाउँपालिकाका अध्यक्ष, दैलेखको महाबु गाउँपालिका अध्यक्ष कांग्रेसले जितेको थियो । दोलखाको गौरिशंकर गाउँपालिकाका उपाध्यक्ष, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिका उपाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ । यी सबै पदमा यसअघि कांग्रेसले जितेको थियो । सरकारको नेतृत्वकर्ता दल

>>> पृष्ठ २ मा

# आन्दोलनदेखि आन्दोलनसम्म रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कहिले पोखरा त कहिले काठमाडौं केन्द्रित आन्दोलनमा रास्वपा छ । पार्टी सभापति रवि लामिछाने पक्राउ परेपछि आन्दोलनमा उत्रिएका रास्वपाका नेता/कार्यकर्ताहरु सरकारले राजनीतिक प्रतिशोधका आधारमा काम गरेको दाबी गरिरहेका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दोस्रो चरणको आन्दोलन गर्ने निर्णय गरेको छ । आन्दोलन गर्नुको कारण हो- पार्टी सभापति रवि लामिछानेको विरोध । शनिवार बसेको पार्टीको केन्द्रीय समितिको बैठकले दोस्रो चरणको सशक्त आन्दोलन गर्ने निर्णय गरेका हो । पार्टी सभापति लामिछाने पक्राउ परेपछि आन्दोलनमा केन्द्रित भएको रास्वपा फेरि पनि आन्दोलनमै छ । सरकारले राजनीतिक प्रतिशोधका आधारमा काम गर्दै अघि बढेको उनीहरूको निष्कर्ष छ । यही निष्कर्षका आधारमा उनीहरु झण्डै एक महिनालदेखि आन्दोलनमा छन् ।

लामिछाने कात्तिक २ गते पक्राउ परेका थिए । कास्की जिल्ला अदालतको आदेशमा कास्की प्रहरीले उनीसहित १४ जनाविरुद्ध सहकारी ठगी प्रकरणमा पक्राउ पूर्जी जारी गरेको थियो ।



> रवि लामिछानेमाथिको कारबाही सत्तारुढ राजनीतिक दलहरुले रास्वपाको बढ्दो प्रभाव र जनसमर्थनलाई दबाउन गरेको सुनियोजित षड्यन्त्र हो भन्ने हाम्रो ठम्याइ छ ।
>
> **मनिष झा**
> कार्यवाहक प्रवक्ता, रास्वपा

कास्कीस्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन प्रकरणमा लामिछाने पक्राउ परे लगत्तै रास्वपा आन्दोलनमा उत्रिएको हो । लामिछानलाई पक्राउ गर्न प्रहरीको केन्द्रीय अनुसिन्धान ब्युरो (सीआइबी) काठमाडौंको चमतीस्थित पार्टी कार्यालय पुग्दा लामिछानेका समर्थक र पार्टीका नेता/कार्यकर्ताले विरोध गरेका थिए । त्यसयता कहिले पोखरा त कहिले काठमाडौं केन्द्रित आन्दोलनमा रास्वपा छ ।

शनिवार बसेको रास्वपाको पार्टीको केन्द्रीय समितिको बैठकले तीन बुँदे निर्णय गरेको छ । पहिलो बुँदामा सभापति लामिछाने पक्राउ पर्नुको कारण रास्वपाको बढ्दो प्रभाव र जनसमर्थनलाई दबाउने षड्यन्त्र भएको दाबी गरिएको छ ।

'सभापति रवि लामिछानेविरुद्ध गरिएको कारबाहीलाई राजनीतिक प्रतिशोधको निकृष्ट कृत्य ठहर गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी यस कार्यको घोर भर्त्सना गर्दछ । यो कारबाही सत्तारुढ राजनीतिक दलहरूले रास्वपाको बढ्दो प्रभाव र जनसमर्थनलाई दबाउन गरेको सुनियोजित षड्यन्त्र हो भन्ने हाम्रो ठम्याई छ' बैठकपछि पार्टीका कार्यबाहक प्रवक्ता मनिष झाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

संसदीय छानबिन समितिले बुझाएको प्रतिवेदनमा सहकारी संस्थाबाट गोरखा मिडिया प्रा.लि.मा रकम लैजाने सम्पूर्ण प्रक्रियामा रवि लामिछानेको संलग्नता पुष्टि हुने कुनै पनि कागज प्रमाण नभेटिएको भन्ने तथ्य उल्लेख गरिएको भएता पनि सोही अभियोगमा पक्राउ गरिनु गलत भएको दाबी गरिएको छ । लामिछाने पक्राउको

>>> पृष्ठ २ मा

# लिलाबल्लभ पार्टीबाट निलम्बित

मानव तस्करीको आरोप लागेका कोशी प्रदेशका निवर्तमान आन्तरिक मामिला तथा कानूनमन्त्री लिलाबल्लभ अधिकारी आफ्नो पार्टी नेकपा एमालेको संगठित सदस्यताबाट निलम्बनमा परेका छन् ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक ।

बिना जानकारी.जापान उडेका र साथमा असम्बन्धित व्यक्तिलाई लगेको आरोपमा डिपोर्ट भएका कोशी प्रदेशका निवर्तमान आन्तरिक मामिला तथा कानूनमन्त्री लिलाबल्लभ अधिकारी आफ्नो पार्टीबाट समेत निलम्बनमा परेका छन् ।



मानव तस्करीको आरोप लागेका अधिकारीलाई नेकपा एमालेले संगठित सदस्यताबाट निलम्बन गरेको हो । मानव तस्करीको आरोप लागेका कोशी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री लिलाबल्लभ अधिकारी आफ्नो पार्टी एमालेको संगठित सदस्यताबाट निलम्बनमा परेका छन् ।

शनिबार एमालेले उनलाई पार्टीको गतिविधिमा संलग्न हुन नदिने र संगठित सदस्यताबाट निलम्बन गर्ने निर्णय गरेको हो । कोशी प्रदेशका अध्यक्ष घनश्याम खतिवडाले विज्ञप्ति निकालेर अधिकारीलाई आरोपको अन्तिम निरुपण नभएसम्मको लागि पार्टीको कुनै पनि तहमा रहन नपाउने गरी राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद सदस्य र एमालेको संगठित सदस्यताबाट निलम्बन गरिएको जानकारी गराएका हुन् ।

उनले अगाडि लेखेका छन्, 'उहाँले गर्नुभएको भ्रमणसँग जोडिएर लागेको मानव तस्करी जस्तो गम्भीर आरोपका सम्बन्धमा सिघ्र छानबिन तथा गहिरो अनुसन्धान गरी सत्य तथ्य सार्वजनिक गर्न नेपाल सरकार र सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदै ...।'

अधिकारीसँगै जापान गएका तीन जना पक्राउ परेका छन् । अधिकारीसँगै

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# व्यवसायीले परराष्ट्रमन्त्रीलाई सुनाए दूतावासका चलखेल र लेनदेन



**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ कात्तिक

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले वैदेशिक रोजगारका समस्या समाधान आफ्नो प्राथमिकतामा रहेको बताएकी छन् । अन्तर्राष्ट्रिय हवाई भाडामा अस्वभाविक वृद्धि भएसँगै वैदेशिक रोजगारीमा जाने नेपाली कामदार हरूले चर्को मूल्यमा हवाई टिकट खरिद गर्नुपर्ने बाध्यताका बारेमा ध्यानाकर्षण गराउन शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र नेपाल

>>> पृष्ठ २ मा

## हवाई भाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति, टीबीए खारेज

**काठमाडौं/रासस-** तोकिएबमोजिमको हवाई भाडा मात्र कायम राख्न र हवाई टिकटको उपलब्धता सहज र सुलभ बनाउन सरोकारवाला निकाय सहमत भएका छन् । हवाई भाडा नियन्त्रणका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण र सम्बन्धित सरोकारवालाहरूबीच शनिबार भएको छलफलपछि उक्त विषय कार्यान्वयनका लागि पाँच बुँदे सहमति भएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल दैनिक १० घण्टा बन्द भएसँगै हवाई भाडादर महँगिएको गुनासो बढेपछि शनिबार प्राधिकरण, अन्तरमन्त्रालयका

>>> पृष्ठ २ मा

## मलेसियाबाट अस्तुको पर्खाइमा राकेशका परिवार

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २४ कात्तिक

वैदेशिक रोजगारीका लागि मलेसिया आएका ओखलढुंगाको सिद्धीचरण नगरपालिका बर्नालु-४ का राकेश राईको परिवार यतिबेला शोक, पीडा र अन्योलको छटपटीमा परिरहेको छ । राईमाथि भएको एक घटनाले उनको परिवार

>>> पृष्ठ २ मा

**VACANCY Announcement**

We Are Seeking For Following Qualified Candidates:

| | |
|---|---|
| Public Relation Officer (PRO) | - 25 Pax |
| Documentation Officer | - 5 Pax |
| Accountant | - 3 Pax |
| Ticket Followers | - 5 Pax |

Salary: 35,000 भन्दा माथी अनुभवको आधारमा साथै Allowances को व्यवस्था पनि छ ।

Email: jobasialink756@gmail.com
अन्तर्वार्ता धमाधम भईरहेको छ ।

ASIA LINK Services Pvt. Ltd.
ASIA LINK SERVICES PVT. LTD.
Chakrapath, Kathmandu, Near Royal thai Embassy
Tel: 01-5903260, 9817961880, 9851116133
Email: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ कात्तिक २०८१, आइतबार
10 November 2024, Sunday

# प्रत्यक्ष निर्वाचित राष्ट्रपतिका लागि मेची–महाकाली अभियान चलाइनेछ : प्रचण्ड



**हेटौंडा/मस**–नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय व्यवस्थाको लागि मेची-महाकाली अभियान चलाइने बताएका छन् ।

मकवानपुरको थाहा नगरपालिकामा शनिबार आयोजित योङ कम्युनिष्ट लिग (वाईसीएल) को दोस्रो नगर सम्मेलनलाई सम्बोधन गर्दै उनले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिबाट पाँच वर्षसम्मको स्थिर सरकार सञ्चालन भएमा अस्थिरताको सवाल नै नआउने बताउँदै व्यवस्था परिवर्तनको शुरुवाती दिनदेखि नै आफूहरूले उक्त मुद्दा उठाउँदै आएको बताए ।

आफूले पहिलोपटक प्रधानमन्त्री हुँदा ३० हजारसम्मको कर्जा मिनाहा गरेर जनतालाई राहत दिएको र दास्रो पटकमा उज्यालो नेपालको अवधारणा अनुरूप विद्युतभार कटौती हटाएको अध्यक्ष प्रचण्डले स्पष्ट पारे ।

उनले भने, 'मैले पहिलोपटक प्रधानमन्त्री हुँदा ऋण मिनाह गरेँ, नेपालको पूर्व-पश्चिम जोड्न मध्यपहाडी लोकमार्गको काम अगाडि बढाएँ, म अझै थाकेको छैन, तेसैले अझ परिवर्तनको लहर ल्याएर नै छाड्नेछु ।'

पूर्वप्रधानमन्त्री एवम् अध्यक्ष दाहालले मकवानपुर तथा थाहा नगरका केही विकास योजनालाई प्रभावकारी बनाइने उल्लेख गर्दै धेरै योजना माओवादीकै पहलमा अघि बढिरहेको बताए । उनले थानकोन-चित्लाङ-चन्द्रागिरी सडक गणेशमान राजमार्ग स्तरोन्नतिसहित कालोपत्रे गर्ने, फोदगाउँ वस्ती बचाउ कार्यक्रममा सहयोगका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

माओवादी केन्द्रको पहलकदमीमा बागमती सरकारको लगानीमा कबर्ड हल सम्पन्न हुने चरणमा रहेको र शीतभण्डार स्थानीय सरकारको विशेष पहलमा निर्माण भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले दामगाडे महादेववेशी सडक ९८ करोडको लगानीमा निर्माण भइरहेको, एकीकृत सहरी पूर्वाधार कार्यक्रमअन्तर्गत कञ्छाल कलेचानी सडकसहित १० करोडको प्याकेज सञ्चालनमा रहेको र मदन भण्डारी विज्ञापन तथा प्रविधि विश्वविद्यालय थाहाको चित्लाङमा स्थापना भएको बताए ।

# राजनीतिक स्थिरताका लागि कांग्रेस र एमालेको सरकार : सञ्चारमन्त्री

**तनहुँ/मस**–सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले राजनीतिक स्थिरता र आर्थिक अनुशासनका लागि नेपाली कांग्रेस र नेकपा (एमाले) बीच सरकार गठनमा सहमति बनेको बताएका छन् ।

नेकपा (एमाले)का उपमहासचिव रहेका गुरुङले पार्टी कार्यालय तनहुँमा शनिबार आयोजित भेटघाटमा देशलाई संकट परेका बेला दुई ठूला दल सधैं मिल्दै आएको बताए । राजनीतिलाई स्थायीत्व दिँदै जनतामा रहेको निराशा चीर्नका लागि दुई पार्टी मिलेर सरकार सञ्चालन गरेको बताउँदै मन्त्री गुरुङले भने,'वर्षैपिच्छे सरकार परिवर्तन हुँदा जनतामा एकखालको निराशा छाएको थियो । दुई ठूला पार्टी मिलेर देशलाई स्थिरतातर्फ लैजाने प्रयास गरेका हौं ।'

दुई ठूला पार्टीको सरकार बन्दै चमत्कारका काम नभए पनि अर्थतन्त्रमा देखिएका समस्या बिस्तारै समाधान हुँदै गएको उनको दाबी थियो । उनले भने,' जहाँजहाँ समस्या थियो, त्यस क्षेत्रमा समाधानका प्रयास भएका छन् । सरकार ठीक ढंगले लयमा अगाडी बढेको छ ।'

जनअपेक्षा अनुसारका काम गर्न सरकार प्रतिबद्ध रहेको बताउँदै मन्त्री गुरुङले भने,' संविधान पनि कांग्रेस एमाले मिलेर बनाएका हौं । पञ्चायत विरुद्धको आन्दोलनमा पनि हामी सँगै थियो । जबजब देशलाई आवश्यकता पर्दछ, हामी एकसाथ हुन्छौं ।' सरकार सञ्चालनमा एकसाथ तर चुनावमा प्रतिस्पर्धा गर्नेगरी अगाडि बढिएको मन्त्री गुरुङको भनाइ थियो ।

## सरकारमा...

नेकपा एमालेका लागि आफ्नो पार्टीको परीक्षणका लागि अझ महत्वपूर्ण छ । यसअघि एमालेले जितेका ८ स्थानमा उपनिर्वाचन हुँदैछ । संसदको तेस्रो शक्ति रहेको माओवादी केन्द्रले अघिल्लो स्थानीय तह निर्वाचनमा जितेका ८ स्थानमा अहिले उपनिर्वाचन हुँदैछ । जसपा नेपालले जितेको एक र स्वतन्त्र उम्मेदवारले जितेको एक स्थानीय तहमा पनि उपनिर्वाचन हुँदैछ ।

विगतमा सरकारमा रहेका दलहरूले चुनावी तालमेल गरेका उदाहरण छन् । यसअघिको राष्ट्रिय सभाको चुनावमा आफ्नो उम्मेदवारलाई हराउन सत्ता सहयात्री कांग्रेसले भूमिका खेलेको भन्दै माओवादी केन्द्रले असन्तुष्टि जनाउँदा गठबन्धन नै फेरबदलको अवस्था आएको थियो । तर अहिलेको सरकारलाई विगतको जस्तो बुझ्न नहुने कांग्रेस र एमालेका नेताहरू बताउँछन् । सरकारमा सँगै रहेर चुनाव हराउन भूमिका खेलेको भनेर यसअघिको जस्तो सत्ता सहकार्य नरहेको बताउँछन् । सरकारमा रहेर जनताको काम गर्ने र चुनावमा दलहरूले प्रतिस्पर्धा गर्ने बताउँछन् । कांग्रेस र एमालेले एक्ला एक्लै चुनाव लड्ने नीगित निर्णय पनि गरेका छन् । यस आधारमा समेत उपचुनाव लड्न लागेको उनीहरू बताउँछन् ।

## आन्दोलनदेखि...

वास्तविक उद्देश्य वर्तमान गठबन्धनले रास्वपालाई राजनीतिक रूपमा निषेध गर्नका लागि रहेको उनीहरुको निष्कर्ष छ ।

२०८० माघमा राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारलाई 'सहकारी र लघुवित्त संस्थाहरूको समस्या समाधानका नीतिगत उपाय र योजना' विषयक प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनका सिफारिसहरूलाई आधार मान्दै सहकारी, लघुवित्त एवं मिटरब्याज पीडितहरूको सरोकार सम्बोधन गर्न रास्वपाको सुझाव छ । रास्वपाका सम्बन्धित पालिका संरचनाहरूले आआफ्नो क्षेत्रमा सहकारी नियमनको अवस्था यकिन गरी कार्ययोजना बनाएर पीडितहरूको सरोकार बमोजिम बचत रकम फिर्ता गराउन दबाबमूलक कार्यक्रमहरूको अगुवाइ गर्ने निर्णय पनि गरेको छ ।

## लिलाबल्लभ...

जापान पुगेका र डिपोर्ट भएका व्यक्तिहरूले प्रहरीसमक्ष १० देखि १३ लाखसम्म बुझाएको बयान दिएका छन् । रकम नै लिएर जापान पुऱ्याउने कार्यमा अनुसन्धान अगाडि बढ्दा निवर्तमान मन्त्री अधिकारीसँग भने सोधपुछ समेत नगरिएको भनेर सरकारको आलोचना भइरहेका बेला एमालेले पार्टीको संगठित सदस्यताबाट निकालेर अनुसन्धान गर्न सरकारलाई भनेको हो ।

अधिकारी एउटा कार्यक्रममा सहभागी हुन भनेर जापान गएका थिए । तर जापान जाँदा उनले कोशी प्रदेश मन्त्रिपरिषद् र संघीय सरकारसँग अनुमति लिएका थिएनन् ।

बिना अनुमति जापान गएका अधिकारी निम्ता नै नभएको कार्यक्रममा जान भनेर जापान उडेको जापानकै अध्यागमनले रोकेपछि बाहिरिएको हो । मन्त्रालयसँग असम्बन्धित व्यक्तिलाई कर्मचारी भनेर परिचपयपत्र समेत दिलाएर जापान लगेको थाहा पाएपछि जापानले विमानस्थलमा ४८ घण्टा राखेर अधिकारीसहितको टोलीलाई नेपाल फर्काइदिएको थियो । त्यसपछि यो विषय बाहिरिएको हो ।

प्रहरीका अनुसार मन्त्री अधिकारीसँगै जापान गएकाहरू खोटाङका दावा शेर्पा र जनक राई, रसुवाका कञ्चन देवकोटालाई जापानले डिपोर्ट गरिदिएको हो ।

जापानको अध्यागमनले डिपोर्ट गरेका तीनै जना प्रहरी हिरासतमा छन् । किर्ते कागज बनाउने कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले थप तीन जनालाई पनि पक्राउ गरेको छ । किर्ते कागज बनाएर जापान पठाउने कार्यमा संलग्न रहेको आरोपमा जुगल रिजाल, वीरबहादुर सुनुवार र महेश पाण्डे पक्राउ परेका हुन् ।

प्रहरीका अनुसार डिपोर्ट भएका दुई जनाबाट मन्त्रालयको नक्कली कार्ड बरामद भएको छ । उक्त कार्डमा निमित्त कार्यालय प्रमुख भनेर लेखिएको छ र कार्डमा लिलाबल्लभ अधिकारीले नै मन्त्रीको रुपमा हस्ताक्षर गरेका छन् ।

## व्यवसायीले...

लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले शुक्रबार परराष्ट्रमन्त्री डा. राणासहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेलाई संयुक्तरूपमा भेटेर वैदेशिक रोजगारका तत्कालीन तथा दीर्घकालीन समस्या राखे ।

तत्कालका लागि उक्त भेटघाट र छलफल वृद्धि भएको हवाई भाडा घटाउने र वैदेशिक रोजगारमा जाने कामदारको सहज प्रस्थानका विषयमा केन्द्रित रहेपनि व्यवसायीहरूले उक्त छलफललाई आफूहरूले दूतावास र कुटनैतिक नियोगमा वर्षौंदेखि भोग्दै आएका पीडा पोख्ने र दोषीलाई कारबाहीका लागि परराष्ट्रमन्त्रीको ध्यानाकर्षण गराउने अवसर बनाए ।

परराष्ट्रमन्त्री डा. राणाले वैदेशिक रोजगार व्यवसायीका विषयहरू सुन्नुपर्ने महसुस गरिन् । उनले भनिन्, 'हामीले पनि मन्त्रालयमा वैदेशिक रोजगार महाशाखा स्थापना गरेका छौं । तपाईंहरूका कुराहरू पनि सुन्नुपर्ने रहेछ । अब म छिट्टै तपाईंहरूसँग वैदेशिक रोजगारका समस्या र कूटनैतिक नियोगको भूमिकाबारे छुट्टै छलफल गर्ने छु ।'

त्यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष तिलकबहादुर रानाभाट, विमल ढकाल, एशोसिएसनका पूर्वअध्यक्षहरू किरण किशोर घिमिरे, प्रज्ञान न्यौपाने, पूर्वकार्यवाहक अध्यक्ष एवम् संघ महासचिव सुजित कुमार श्रेष्ठले समय पाएसम्म विदेशस्थित नेपाली दूतावास र नियोगहरूले मागपत्र प्रमाणीकरणका क्रममा दिने गरेका हैरानी तथा अनुचित मोलतोलका पीडा सुनाए । व्यवसायीले कर्मचारीमात्रै नभइ राजदूतहरू नै आफैं मागपत्र प्रमाणीकरण गर्ने काममा लागेर समस्या सिर्जना गरेको दाबी गरे ।

संघका पूर्वअध्यक्ष विमल ढकालले केही राजदूत र कतिपय कर्मचारीका कारणले वैदेशिक रोजगारको मागपत्र प्रमाणीकरणमा चरम बेथिति मौलाएको र नेपाल आउनुपर्ने डिमाण्ड अन्य प्रतिस्पर्धी मुलुकमा जाने दुःखद् अवस्था भएको जानकारी दिए । ढकालले व्यबसायीहरुले दुताबासमा पेश गरेका मागपत्रहरु कि त लामो समय झुलाएर राख्ने कि किस्ताबन्दीमा प्रमाणीकरण गर्ने गरिएको भन्दै दूताबासका कतिपय कर्मचारीहरु त कुटनीतिक मर्यादा बिर्सिएर भिसाको ब्यापारमा लागेको आरोपसमेत लगाए ।

जवाफमा मन्त्री डा. राणाले व्यवसायीलाई त्यस्ता राजदूत र कर्मचारीविरूद्ध लिखितरूपमा जानकारी दिन आग्रह गरिन् । उनले भनिन्, 'मैले पनि यो छिटफुटरूपमा सुनेको विषय हो । आज तपाईंहरूले पनि भन्नुभयो, अनियमितता गर्नेलाई कारबाही गर्न म हिचकिचाउने छैन । मन्त्रालयलाई जानकारी दिनुहोला ।'

केही व्यवसायीले अन्य मुलुकभन्दा यूएईमा समस्या धेरै रहेको मन्त्रीलाई सुनाए । उनीहरूले रोजगारदाताले पेस गर्ने ५ सय र सोभन्दा बढी संख्याका मागपत्र प्रमाणीकरणमा राजदूत र कर्मचारीले तजबीजी निर्णय गरेर २ सय ५० जनाको मात्रै प्रमाणीकरण गर्ने, रोजगारदाताको संवेदनशीलता बिर्सेर अनिवार्यरूपमा दूतावासमा उपस्थित हुन दबाब दिने आर्थिक मोलतोल गर्नेजस्ता खराबी औंल्याए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले युरोपका मुलुकबाट प्राप्त मागपत्रहरु प्रमाणीकरण नहुँदा ४० हजार नेपाली कामदारको रोजगारी गुमेको उल्लेख गरे । त्यस्तै संघले मलेसियाले नयाँ कामदार लिनका लागि कार्य प्रारम्भ गर्दा नेपाली दूतावासले मागपत्र प्रमाणीकरण खुला नगरेको, वैदेशिक रोजगार विभागले प्रयोगमा ल्याएको फेमिस प्रणालीलाई पछाडि पारी दूतावासले मागपत्र प्रमाणीकरणका लागि ल्याएको अनलाइन प्रणाली खारेज गरी फेमिसबाट नै प्रमाणीकरण गर्ने व्यवस्था गर्नेलगायतका विषयमा परराष्ट्रमन्त्री डा. राणाको ध्यानाकर्षण गरायो ।

छलफलमा सहभागी श्रममन्त्री भण्डारीले मलेसिया, कोरिया र जापान आगामी दिनमा नेपाली कामदारका मुख्य गन्तव्य हुनसक्ने र परराष्ट्र तथा श्रम मन्त्रालय त्यसैमा केन्द्रित हुन आवश्यक रहेको उल्लेख गरे । उनले पछिल्ला दिनमा परराष्ट्र मन्त्रालयसँग राम्रो समन्वय बनेको भन्दै वैदेशिक रोजगारका धेरै सन्दर्भमा सहकार्य आवश्यक रहेकोमा जोड दिए ।

## हवाई...

प्रतिनिधि र स्वदेशी तथा विदेशी हवाई कम्पनीका प्रतिनिधिहरूको बैठकले हवाई टिकटको उपलब्धता एवम् सहज र सुलभ हवाई यातायात सञ्चालन गर्न छलफल गरी निर्णय गरेको छ । जसअनुसार एयरलाइन्स कम्पनीहरूले ट्राभल एजेन्सीलाईपछि टिकट बिक्री गर्नेगरी एकमुष्टरूपमा टिकट बिक्री गर्ने अधिकार (टीबीए) खारेज गर्ने निर्णय भएको छ । अब सम्पूर्ण वायुसेवा कम्पनीहरूले यसको पालना गर्नुपर्नेछ ।

सबै वायुसेवा सञ्चालकले दुई पक्षीय हवाई सेवा सम्झौताको 'प्राइसिङ' शीर्षकमा उल्लेख भएअनुसार 'उपभोक्तालाई मर्का पर्नेगरी अनुचित हवाई भाडा असुल गर्न नहुने' प्रावधानको पालना गर्नुपर्नेछ । यही कात्तिक २३ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'ट्याक्सी वे' निर्माणको कार्य शुरु भएको छ । उडान समय कटौतिभएपछि एयरलाइन्सहरूले महँगो हवाईभाडा लिएको गुनासो आइरहेको छ ।

त्यस्तै सबै वायुसेवा सञ्चालकहरूले उडान वृत्त वमोजिमको हवाई भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने निर्णय भएको प्राधिकरणले जनाएको छ । ट्राभल एजेन्सीहरूसँग टिकट बिक्रीको सम्झौता गर्दा निश्चित संख्या मात्र बिक्री गर्न सकिने र तोकिएको परिधिमा रहेर मात्र सेवा शुल्क लिनेगरी व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने जनाइएको छ ।

बैठकमा प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलासहित संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीका सञ्चालकहरू सहभागी थिए ।

## मलेसियाबाट...

शोकमय अवस्थामा छ । राकेश र उनकी श्रीमती मलेसियाको जोहोर राज्यको तामान सेम्पाक भन्ने ठाउँमा एउटै कम्पनीमा काम गर्थे । श्रीमती उनको आफ्नो करार अवधि सकिएपछि केही समय पहिले स्वदेश फर्किइन् । मलेसियामा रहेका राकेश भने कम्पनी छोडेर अवैधानिक बनेर नजिकैको एउटा नेपाली रेस्टुरेन्टमा काम गर्न थाले । केही समय काम गरेपछि उनले आफैंले मलेसियामै रेस्टुरेन्ट खोल्ने निर्णय गरे । रेस्टुरेन्ट खोल्न भनेर उनले नेपालमा परिवारसँग ऋण खोजिदिन आग्रह गरे । परिवारले पनि ऋण गरेर केही पैसा पठाइदिए । त्यही पैसाले राकेशले एक स्थानीयवासीको सहयोगमा मलेसियाको जोहोरमै रेस्टुरेन्ट सुचारु गरे ।

केही समय नबित्दै रेस्टुरेन्ट भनेजस्तो नचलेकाले चिन्तित राकेश एक्लै हिँड्ने, एक्लै बस्ने गर्न थाले । उनका नजिकका साथीहरूका अनुसार राकेश पटक-पटक आत्माहत्याको प्रयास गरिरहेका हुन्थे । एक प्रकारको मानसिक चिन्ताले ग्रस्त उनी झुण्डिएर मर्ने भन्दै तार बोकेर हिँडिरहेका बेला केही साथीहरूले सम्झाइ बुझाइ गरेर राखेका थिए । तर केही दिन नबित्दै उनी बेपत्ता भए । नजिकै आसपासका साथीहरूले सोधखोज गर्दासमेत राकेशको केही अत्तोपत्तो नलागेपछि कतै गएको होला भनेर साथीहरूले पनि चासो देखाउन छोडे ।

एक दिन उनीहरू बस्ने होस्टलदेखि केही पर झाडीमा म्यान्मारका केही कामदारहरूले साग टिप्न जानेक्रममा झुण्डिएर आत्महत्या गरेको र अस्थिपञ्जर मात्रै बाँकी रहेको अवस्थामा राकेशको शव फेला पारे ।

केही साथीहरू र नजिकै रहेका आफन्तहरूले समेत त्यो शव राकेशको नै रहेको एकिन गरिसकेपछि प्रहरीले शव उठाएर अनुसन्धान थालेको छ ।

राकेशको घरमा एउटी नाबालिका छोरी छिन्, बुढ्यौलीले छोइसकेका बाबुआमा छन् । राकेशको परिवारले मलेसियामा रहेको नेपाली दूतावाससँग उनको अवस्थाबारे सम्पर्क गरिरहेका छन् । उनीहरूका अनुसार मलेसियन प्रहरीले नेपालमा भएका परिवारको डिएनए परीक्षण गराएर प्रमाणित भए मात्रै राकेश हुन् भन्ने एकिन गर्न सकिने बताएको छ ।

राकेश जीवित नभए परम्पराअनुसार दाहसंस्कार गर्न पाए हुन्थो भन्ने ठूलो अपेक्षा लिएर बसेको छ उनको परिवार । मलेसियन प्रहरीले माग गरेअनुसार डिएनए परीक्षण गराउने खर्च जुटाउन सक्ने अवस्थामा छैन राकेशको परिवार । उनीहरू केबल राकेशको अस्थिपञ्जर या अस्तुको प्रतीक्षामा छन् ।

# जनकपुरधाममा विवाह पञ्चमी महोत्सवको तयारी



**धनुषा/मस**-रामजानकी विवाह पञ्चमी महोत्सवमा यसपटक अयोध्याबाट जन्ती आउने भएका छन् । पाँच सयभन्दा बढीको संख्यामा आउने सो जन्तीको स्वागत लगायतको तयारी पनि जनकपुरधाममा शुरु भइसकेको छ । जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले विवाह पञ्चमी महोत्सव तयारीका क्रममा जानकी मन्दिरमा सर्वपक्षिय बैठक गरिएको जानकारी दिए । विश्व हिन्दू परिषद्का अन्तर्राष्ट्रिय महामन्त्री राजेन्द्र सिंह पंकज, रामजन्म भूमि तीर्थ क्षेत्र ट्रष्टका चम्पत राय लगायतका व्यक्ति जन्तीमा सहभागी भएर आउन लागेको महन्थ दासले बताए । विवाह पञ्चमी महोत्सवमा जन्ती आउन अयोध्याका सन्तमहन्तलाई आमन्त्रण गर्न आगामी मंसिर १ गते जानकी मन्दिरबाट तिलक लगिने भएको छ । हरेक पाँच वर्षमा सीताराम विवाह महोत्सवको अवसरमा अयोध्याबाट जन्ती आउने गरेको छ । मिथिलामा जन्ती आउनुभन्दा अगावै बेहुलालाई तिलक चढाउने चलन छ । त्यस परम्परालाई निर्वाह गर्दै जानकी मन्दिरले अयोध्या तिलक पठाउने तयारी गरेको महन्थ दासले जानकारी दिए ।

विवाह महोत्सवमा जन्तीको निम्तोका लागि तिलक लिएर जान मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंह इच्छुक देखिएका छन् । यद्यपि मुख्यमन्त्री सिंहले तिलकमा अयोध्या जाने विषयमा निर्णय भइनसकेको बताए । उनले तिलकको अगुवाइ गर्न आफूलाई आग्रह गरिएको भएपनि त्यस सम्बन्धमा भारतीय पक्षबाट औपचारिकता पूरा भएपछि निर्णय लिने बताए । आगामी दुई/तीन दिनभित्रै यस सम्बन्धमा निर्णय लिने मुख्यमन्त्री सिंहले जनाए ।

हालसम्मको तयारीअनुसार जानकी मन्दिरले पठाउने तिलकको नेतृत्व उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले गर्नेछन् । तिलकमा दाससँगै विभिन्न मठमन्दिरका साधुसन्त, सामाजिक र धार्मिक क्षेत्रमा सक्रिय स्थानीय बासिन्दाको सहभागिता रहने बताइएको छ । तिलकका लागि अयोध्याबाट विश्व हिन्दू परिषद्का प्रतिनिधिले तिलकका सहभागीको स्वागत सम्मान गर्ने कार्यक्रम रहेको छ । जानकी मन्दिरबाट जन्ती ल्याउन आमन्त्रण ठाकुर (हजाम) द्वारा निम्तो पठाइएको जानकी मन्दिरका महन्त दास वैष्णवले बताए ।

अयोध्याबाट जन्तीको अगुवाइ राम मन्दिर ट्रष्टका सचिव सम्पत्त रायले गर्ने बताइएको छ । जन्तीमा मनिराम छाउनीका उत्तराधिकारी महन्त कमलनयन दास, ऋषिकेषका महन्त डा. रामेश्वर दास, दिगम्बर अखाडाका महन्त, सतुवा बाबाको आश्रमका मुख्यमहन्तलगायत ५०० बढीको सहभागिता रहने बताइएको छ ।

# बढी यात्रु राख्ने बसहरू कारबाहीमा १५ वटा बस सुब्बाकुनामा रोकिए

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २४ कात्तिक

सुर्खेतबाट काठमाडौं जाने रात्रीकालिन बसमा निर्धारित सिट क्षमता भन्दा बढी यात्रु राखेको भन्दै प्रहरीले कारबाही गरेको छ । प्रहरीले १५ वटा बस वीरेन्द्रनगर स्थित सुब्बाकुनामा रोकेको छ । रात्रीकालिन बसमा सिट क्षमता भन्दा बढी यात्रु राखिएको पाइएपछि सुब्बाकुनामा १५ वटा बस रोकेको



जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक रुपेश खड्काले जानकारी दिए ।

उनले यात्रुहरूको सुरक्षाका लागि बस समितिका मान्छेलाई अर्को बसको व्यवस्थापन गर्न आग्रह गरेको बताए । उपरीक्षक खड्काले अर्को बसको व्यवस्था नगरेसम्म कुनै पनि रात्रीकालिन बसलाई छोड्न नदिने निर्णय गरेको बताए ।

'हामीले बस समितिका प्रतिनिधिहरूसँग संवाद गरेका छौं र यात्रुहरूको सुरक्षाका लागि तुरुन्तै अर्को बसको व्यवस्थापन गर्न अनुरोध गरेका छौं,' उनले भने ।

# पशुहरूलाई निर्दयी व्यवहार गर्ने पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २४ कात्तिक

कपिलवस्तुको शिवराज नगरपालिका-७, चन्द्रौटा-कृष्णनगर सडक खण्डको जवाभारी भन्ने स्थानमा पशुहरूको अमानवीय व्यवहार गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय गणेशपुरबाट खटिएको प्रहरीले एक जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बाराको निजगढ नगरपालिका-४ का २६ वर्षीय कमल धामीलाई पक्राउ गरेको हो । विगत तीन महिना यता कपिलवस्तुमा गोरुको अवैध कारोबार हुँदै आएको छ । कपिलवस्तुमा गोरु तस्करी नियन्त्रणमा आउन नसकेपछि




प्रहरीले गोरु तस्करविरुद्ध मुद्दा चलाएको छ ।

धामीले चलाएको ना ६ ख ३७०८ नम्बरको ट्रकमा चेकजाँच गर्दा २१ वटा गोरुहरूलाई अमानविय तरिकाले बाँधिएको अवस्थामा भेटिएको थियो ।

सबै गोरुहरूको पुच्छर ट्रकको छतमा डोरीले बाँधेर झुण्डाइएको, नाक डोरीले छेडेर रगत बगिरहेको, खुट्टा बाँधेर पल्टाइएको र त्रिपालले पुरै ढाकेर सास-प्रश्वासमा अवरोध पुऱ्याइएको अवस्थामा भेटिएका थिए । प्रहरीले उक्त सवारी साधन नियन्त्रणमा लिई २१ वटा गोरुहरूलाई मुक्त गरी जवाभारीको सार्वजनिक जंगलमा छाडेको छ । पशुहरूको निर्दयी यातना र मापदण्ड विपरितको ओसार-पसारमा संलग्न भएको अभियोगमा चालक धामीलाई मुलुकी अपराध संहिता २०७४ को दफा २९० (पशुपंक्षीप्रति निर्दयी व्यवहार) बमोजिम कारबाही अघि बढाइएको छ ।

# मानव अधिकार शान्ति समाज अर्घाखाँचीको अध्यक्षमा अधिकारी

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ कात्तिक




मानव अधिकार तथा शान्ति समाज अर्घाखाँचीको १२औं साधारणसभा सम्पन्न भएको छ । अधिवेशनबाट नयाँ नेतृत्व चयन भएको छ । जसको सभापतिमा मधु अधिकारी,उपसभापतिमा दिपक बेल्बासे,सचिवमा सागर महत, सह-सचिवमा टान बहादुर थापा, कोषाध्यक्षमा सावित्रा पौडेल, सदस्यहरुमा नारायाण प्रसाद बेल्बासे,हिमलाल पौडेल,कृष्ण परियार प्रकाश चुँदाली सम्झना खनाल लगायत चयन भएका छन् । यस्तै सदस्यमा रमेश मरासिनी र प्रदिप आचार्यलाई मनोनित गरिएको छ ।

कार्यक्रमको प्रमुख अतिथि रहेका सन्धिखर्क नगरपालिका पूर्व नगरप्रमुख कमल प्रसाद भुसालले शान्ति समाजले समाजमा दबिएर रहेका आम नागरिकको मुद्दालाई बाहिर ल्याउन आवश्यक रहेको बताए । कसैको दबाब प्रभावमा नपर्न समेत उनले आग्रह गरे । यस्तै शान्ति समाजका केन्द्रीय सचिव सन्तोष अधिकारी क्षेत्रीले यो संगठनले केवल अधिकार क्षेत्रमा मात्र काम गर्ने बताए । कार्यक्रममा शिक्षक संघ अर्घाखाँचीका अध्यक्ष सारदा भट्टराई, शिक्षक महासंघका अर्घाखाँचीका अध्यक्ष नम बहादुर रानाभाट, कपिलबस्तुका अध्यक्ष गोविन्द पोखेल, भूमि आयोग अर्घाखाँचीका पूर्व अध्यक्ष यादव प्रसाद घिमिरे, शान्ति समाज नवलपरासी शाखा सभापति शिव प्रसाद पौडेल, शान्ति समाज कपिलबस्तुका पूर्व सभापति माधव घिमिरे लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रम शान्ति सेवा समाज अर्घाखाँचीका सभापति निलकण्ड भुसालको अध्यक्षता, पूर्व सभापति अशोक पौडेलको स्वागत मन्तव्य र सागर महतले सञ्चालन गरेका थिए ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित मेनपावर कम्पनीको लागि निम्नानुसारका कर्मचारी आवश्यक भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

Human Resource Manager - 2 (M), Salary-25,000- 50,000
Receptionist cum Documentation - 2 (F), Salary-15,000- 25,000
PRO -5 (M/F), Salary-20,000- 40,000
Accountant - 1 (M/F), Salary-20,000- 30,000

Note: २/३ वर्षको मेनपावर क्षेत्रमा अनुभव भएको र अनुभवीलाई प्राथमिकता दिइनेछ।

Sinamangal-9, Kathmandu, Tel. : 9851076620
Drop your CV to: director@gcopl.com

# ‘डायलासिस मेसिन’ तत्काल जडान गर्न स्वास्थ्यमन्त्रीको निर्देशन

**तनहुँ/मस**-स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले जीपी कोइराला स्वासप्रश्वास उपचार केन्द्रमा ‘डायलासिस मेसिन’ जडान गरी मिर्गौला उपचार सेवा प्रवाह गर्न निर्देशन दिएका छन् ।

तनहुँको शुक्लागण्डकी नगरापालिका-५ बेलचौतरास्थित केन्द्रको शनिबार निरीक्षण गर्दै उनले मेसिन खरिद गर्न मन्त्रालयले प्राथमिकता दिने जानकारी दिए। उनले भने, ‘मेसिन जडान गरी मिर्गौलाको डायलासिस सेवा प्रवाह गर्नुहोस्, मेसिनका सबै प्रबन्ध मन्त्रालयले गर्नेछ ।’ छिमेकी जिल्लावासीले सेवा लिने अस्पतालमा यस सेवा अत्यावश्यक भएकाले तुरुन्तै सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्नेमा उनको जोड छ ।

उपचार केन्द्रलाई तीन सय शैय्यामा विस्तार गर्न लागि आवश्यक पूर्वाधारको निम्ति पहल भइरहेको र अब छिट्टै टुंगो लाग्ने उनले जानकारी गराए । केन्द्रका निर्देशक डा.रामकुमार श्रेष्ठले डायलासिस सेवा प्रवाहका लागि स्थानको निर्माण भइरहेको बताए। उनले भने, ‘पूर्वाधार तयार भइरहेको छ, छिट्टै उपचार केन्द्रबाट डाइलासिसको सेवा प्रवाह गर्ने तयारी भएको छ, कर्मचारी छनौट गरी तालिममा पठाएका छौं, पूर्वाधारका साथै कर्मचारी समेत तयार गरिरहेका छौं ।’ उपचार केन्द्रबाट छिट्टै डायलासिसको सेवा प्रवाह गर्ने तयारी भएको छ। यस अस्पतालमा डायलासिस सेवा प्रवाह हुन थालेपछि तनहुँका साथै कास्की, स्याङ्जा, नवलपुर, पाल्पा जिल्लावासी लाभान्वित हुनेछन् ।



**स्वास्थ्य बीमालाई व्यवस्थित गराइने**

स्वास्थ्यमन्त्री पौडेलले स्वास्थ्य बीमालाई व्यवस्थित गराउनेतर्फ सरकार लागेको बताएका छन् ।

पोखरा महानगरपालिका-१७ सीताको पाइलास्थित पोखरा वृद्धाश्रममा स्थापित पोखरा जेरियाट्रिक स्वास्थ्य कक्षको आज उद्घाटन गर्दै उनले स्वास्थ्य बिमाका लागि स्रोत सुनिश्चित गरी यसलाई व्यवस्थित र प्रभावकारी बनाउने योजनामा सरकार रहेको बताए ।

स्वास्थ्य बीमाबाट प्राप्त गर्ने सेवालाई गुणस्तरीयका साथै सहज बनाउनु आवश्यक भएको बताउँदै उनले स्रोतको सुनिश्चितका लागि आम्दानीका आधारमा बिमा कोषमा योगदान जस्ता विषयलाई अघि बढाउनुपर्ने बताए ।

स्रोतको सुनिश्चितताका विभिन्न वैज्ञानिक आधारसमेत प्रस्तुत गर्दै आफूले बिमाको रकम रु पाँच लाख पुऱ्याउनुपर्ने विषयलाई प्रस्ताव गरेको मन्त्री पौडेलले बताए । देशको बजेटको चार प्रतिशत रकम मात्रै स्वास्थ्य क्षेत्रमा लगानी भएको बताउँदै उनले राज्यले स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्दै उक्त रकम १० प्रतिशतको हाराहारीमा पुऱ्याउनु आवश्यक भएको बताए ।

आफू आमसर्वसाधारणले प्राप्त गरेका सुविधालाई कटाउने पक्षमा नभई त्यसलाई सुरक्षित कसरी गराउनेतर्फ लागेको उनले स्पष्ट पारे। सरकारले १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर रोगको निःशुल्क उपचार, जलन रोगको निःशुल्क उपचार जस्ता विषयलाई अघि सारेको जनाउँदै उनले आम सर्वसाधारणको स्वास्थ्योपचार सेवालाई प्रभावकारी बनाउने कुरामा सरकार निरन्तर लागिरहेको बताए ।

पोखरामा वृद्धाश्रममा सञ्चालित जेरियाट्रिक स्वास्थ्य कक्षमा आवश्यक स्वास्थ्य उपकरण एवम् औषधीका लागि सहयोग गर्ने उनले विश्वास व्यक्त गरे। पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले वृद्धाश्रम सञ्चालन भएयता निरन्तर रूपमा असहाय ज्येष्ठ नागरिकलाई सेवा प्रवाह गरिएको बताए ।

ज्येष्ठ नागरिकहरूमा समस्याका रूपमा देखिने विस्मृतिजन्य रोगको उपचारका लागि जेरियाट्रिक स्वास्थ्य कक्ष स्थापना गरिएको उनले जानकारी दिए। वृद्धाश्रमका उपाध्यक्ष एवम् जेष्ठ नागरिक महासंघका केन्द्रीय सदस्य केशव लम्सालले २०५३ सालमा स्याउलाले छाएको छाप्रोमा तीन जना ज्येष्ठ नागरिकलाई राखेर शुरु गरिएको वृद्धाश्रम हाल सुविधा सम्पन्न भवनमा सञ्चालन भएको जानकारी गराए । उनका अनुसार वृद्धाश्रममा हाल ५३ जना असहाय ज्येष्ठ नागरिक आश्रय लिदै आएका छन् । वृद्धाश्रमको व्यवस्थापनमा दुई जना स्वास्थ्यकर्मीका साथै नौ बिस्तारा, थेरापी मेसिन एवं औषधि उपलब्ध जेरियाट्रिक स्वास्थ्य कक्ष स्थापना गरिएको उनले जानकारी दिए । वृद्धाश्रममा १०६ वर्षीय नन्दु दाहाललगायत ज्येष्ठ नागरिक बस्दै आएका छन् । कार्यक्रममा वृद्धाश्रममा अक्षयकोष स्थापनार्थ सहयोगका साथै ज्येष्ठ नागरिकका क्षेत्रमा योगदान पुऱ्याएको भन्दै सीता बास्तोला, नरबहादुर गुरुङ लगायतलाई सम्मान गरिएको थियो ।

# सामा चकेवा : दिदीबहिनी र दाजुभाइबीच स्नेहको अनुभूति

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ कात्तिक



दिदीबहिनीद्वारा दाजु भाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्व हो, सामा चकेवा । तराई मधेशमा धार्मिक परम्पराअनुसार हर्षोल्लासका साथ यो पर्व मनाइँदैछ । यो पर्व कात्तिक महिनाको द्वितीयादेखि पूर्णिमासम्म मनाइन्छ । द्वितीया तिथिका दिन दिदीबहिनीले यो पर्वका लागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरुको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन रहेको छ ।

पूर्वी तराई र मधेश प्रदेशको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई अंकित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन् ।

छठ पर्वको खरना (पञ्चमी) का दिन मूर्तिहरूलाई सेतो बनाउनका लागि अरूवा चामलको लेपन गरिन्छ । त्यसपछि सुहाउँदो र इच्छानुसारका रंगहरू प्रयोग गरी सामालाई सिंगारिन्छ । हरिबोधिनी एकादशीभन्दा पूर्व सम्पूर्ण सामग्री बनाइन्छ । तराई भेगमा घरघरमा माटोको मूर्तिहरू बनाउनुलाई महिलाको मूर्तिकलाप्रतिको चाख र कौशल प्रदर्शन गर्ने माध्यमको रूपमा पनि लिइन्छ ।

यो पर्व बालिकाहरूको भए पनि युवती र प्रौढहरू उत्साहपूर्वक खेल्ने गरेको देखिन्छ । छठ पर्वको खरना वा पारणदेखि तराईका महिलाले माटोको आकृति बनाइ राति एउटा ढक्कीमा राखी दीप बालेर घरबाट बाहिर अन्य साथी मिलेर गीत गाउँदै चौरमा गई यो पर्व मनाउने गर्दछन् । यो पर्वमा ‘सामा’ स्त्री पात्र अर्थात दिदीबहिनी र ‘चकेवा’ पुरूष पात्र अर्थात दाजुभाइलाई बुझाउँछन् । दुईटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ । त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ । यसमा सामा चकेवालगायत चुगला, ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझी कुकुर, भैया बटतकनी, मलिनियाँ र वृन्दावनलगायतका पात्र हुन्छन् । सामा चकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला भन्ने पात्रलाई गाली गर्ने खालका गीत गाएर बहिनीहरू मनोरञ्जन गर्दछन् ।

परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलन पनि छ । चौरमा सबै महिला आ-आफ्नो डाला एक ठाउँमा राखी चारैतिर वृत्ताकारमा बस्दछन् । यस पर्वमा पतिपत्नीका बारेमा कुरा लगाउने प्रवृत्तिका मानिसको प्रतीक ‘चुगला’ र कुचोको मसाल बनाई गाउँ-टोल घुमाउँदै सार्वजनिकस्थलमा लान्छन् । त्यहाँ पहिले कुचोको मसालमा आगो बाल्ने र त्यसपछि त्यही मसालबाट चुगलाको जुँगामा आगो सल्काइ ढडाउने चलन छ ।

कुरौटे र फटाहा प्रवृत्तिका व्यक्तिले समाजमा जरा गाड्न नपाओस् भन्ने सन्देश दिन र समाजमा दाजुभाइको सम्बन्ध सधैं सुमधुर बनाइराख्न चुक्ली लगाउने प्रवृत्तिका मानिसको प्रतीक ‘चुगला’को जुँगा डढाउने गरिन्छ ।

## निःशुल्क स्वास्थ्य शिविर

# एक हजार चार सय १६ जनाको स्वास्थ्य परीक्षण

**पुर्ण कुमार/ मध्यान्ह**
डोल्पा, २४ कात्तिक

डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाको त्रिपुराकोट स्वास्थ्य चौकीमा सञ्चालित दुई दिने निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरमा एक हजार चार सय १६ जनाको स्वास्थ्य परीक्षण भएको छ ।



कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आयोजना तथा त्रिपुरासुन्दरी नगरपालिका डोल्पाको समन्वयमा दुई दिने शिविरको आयोजना गरिएको थियो । शिविरमा आँखा, कान, घाँटी, नाक, हाड जोर्नी, लगायतका बिरामीहरुले स्वास्थ्य परीक्षण गराएका छन् ।

त्रिपुरासुन्दरी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख तुलबहादुर श्रेष्ठले पहिलो दिनमा ९ सय ४४ जनाको स्वास्थ्य परीक्षण भएको र शिविरको अन्तिम दिन शनिबार ४ सय ७२ गरी जम्मा १ हजार चार सय १६ जनाले सेवा लिएको बताए । उनका अनुसार स्वास्थ्य परीक्षण गराएका मध्य सबैभन्दा बढी हाडजोर्नी तथा नशा सम्बन्धिका बिरामी रहेको पाइएको छ ।

दुई दिने निःशुल्क विषेशज्ञ स्वास्थ्य शिविरको शुक्रबार कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, मन्त्रालयका सचिव दीर्घ बहादुर पोखेल लगायतको टोलीले संयुक्त रुपमा शिविरको उद्घाटन गरेका थिए ।

त्रिपुरासुन्दरी नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, तिलगंगा आँखा अस्पताल, सुर्खेत आँखा अस्पतालको आर्थिक तथा प्राविधिक सहयोगमा तथा नेपाल रेडक्रस डोल्पा शाखा दुनै र उपशाखा त्रिपुराकोट डोल्पाको आयोजनामा निःशुल्क मोतियाबिन्दु शल्यक्रिया आँखा शिविरको समेत सञ्चालन गरिएको थियो ।

आँखा शिविरमा ४९ जनाको आँखाको शल्यक्रिया समेत गरिएको छ। कर्णाली प्रदेशका स्वास्थ्य सेवा निर्देशक डाक्टर रविन खड्काको नेतृत्वमा डा.सुशीला समदर्शी, डा.संजोग शिवाकोटी,डा.जागृति खनाल, डा.गणेश तिवारी, डा.लक्ष्मीनारायण तिवारी र डा.तेजेन्द्र अधिकारी सहितको विशेषज्ञ चिकित्सकको टोलीबाट स्वास्थ्य परीक्षणका साथै उपचार गरिएको थियो ।

निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविरमा बढीभन्दा बढी नागरिकले स्वास्थ्य सेवा लिन सकुँन् भनेर कात्तिक ९ गतेदेखि त्रिपुरासुन्दरी नगरपालिकाका एघार वटै वडामा नगरपालिका स्वास्थ्यकर्मी परिचालन गरी आँखाका बिरामीको छनोट तथा अन्य रोगका बिरामीको लागि शिविरमा आउन सहज होस् भनि घरदैलोमा पुगेर प्रचार-प्रसार समेत गरिएको थियो ।

# चिति सेवा समाजद्वारा रक्तदान कार्यक्रम सम्पन्न

काठमाडौं/मस-‘रगत अभावमा कसैलाई ज्यान गुमाउन नदिने संकल्प गरौं’भन्ने नाराका साथ चिति सेवा समाजले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। राजधानीको सामाखुसीस्थित सिटी स्क्वाएरको प्राङ्गणमा शनिबार रक्तदान कार्यक्रम सम्पन्न भएको हो । समाजका अध्यक्ष गोपाल बहादुर कमलीको अध्यक्षतामा भएको सो रक्तदान कार्यक्रमको संयोजन समाजका उपसचिव दिपक बाबु बरालले गरेका थिए ।

करिब १ सय ३५ जनाको सहभागिता रहेको उक्त रक्तदान कार्यक्रममा दिपक पन्त, रामकुमार श्रेष्ठ, सूर्यकला भण्डारी, बिपिन बराललगायत ३० जना रक्तदाताहरुले रक्तदान गरेका थिए । रक्तदाताहरुलाई




अध्यक्ष कमली र संयोजक बरालले प्रमाण-पत्र प्रदान गरेका थिए ।

पछिल्लो समय राजधानीका अस्पतालहरुमा बिरामीहरुका लागि रगतको अभाव भएको गुनासो आएकाले थोरै नै भएपनि रगतको माग पुरा गर्न सघाउ पुग्न सकोस् भन्ने उद्देश्यले चिति सेवा समाजद्वारा रक्तदान कार्यक्रम राखिएको अध्यक्ष कमलीले जानकारी दिए ।

यस्तै चिति सेवा समाजले समय-समयमा यस्ता सामाजिक कार्य गर्दै आइरहेको जानकारी दिँदै छोटो सूचनाको आधारमा पनि कार्यक्रममा आएर सहयोग पुऱ्याउने र रक्तदान गर्ने सबैलाई संयोजक बरालले धन्यवाद दिएका थिए । उनले समाजले सबैको सहयोगमा आगामी दिनहरुमा पनि यस्ता कार्यहरु गर्दै जाने बताए । कार्यक्रममा चिति सेवा समाजका उपाध्यक्ष श्यामसुन्दर श्रेष्ठलगायत समाजका पदाधिकारी र सदस्यहरुको उपस्थिति रहेको थियो ।

## एप्लास्टिक एनीमियाबाट पीडित सोहेलको परिवारद्वारा सहयोगको अपिल

**महमद सदाब/मध्यान्ह**
वीरगञ्ज, २४ कात्तिक

वीरगञ्ज महानगरपालिका वडा नम्बर ३ छपकैयाका २१ वर्षीय सोहेल अन्सारी एप्लास्टिक एनीमियाको गम्भीर अवस्थासँग संघर्ष गरिरहेका छन् । फिरोज अन्सारी र सबनम खातुनका एक मात्र छोरा सोहेलको शरीरले नयाँ रक्त कोष उत्पादन गर्न नसक्ने समस्याका कारण उनलाई बारम्बार रगत चढाउनुपर्नेचिकित्सकहरूले बताएका छन् ।




हाल उनलाई वीरगञ्जको नारायणी अस्पतालको आइसीयूमा राखेर उपचार भइरहेको छ । वीरगञ्जदेखि पाटन अस्पतालसम्मको उपचारमा परिवारको सम्पूर्ण आर्थिक स्रोत समाप्त भएको छ। चिकित्सकहरूले उनलाई बचाउन बोनम्यारो ट्रान्सप्लान्ट आवश्यक रहेको बताएका छन्, जसको लागि ३०-४० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । जसका कारण एप्लास्टिक एनीमियाबाट पीडित सोहेलको जीवन संकटमा परेको छ ।

सोहेलको परिवारले उनको जीवन रक्षाको अपिल गरेका छन्। आर्थिक अभावका कारण उपचार सम्भव नभएकोले सोहेल परिवाले सहयोगको अपिल गरेको हो। यसैबीच वीरगन्ज महानगरपालिकाका उपमेयर ईम्तियाज आलमले पनि सोबेलको उपचारका लागि आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उपमेयर आलमले सबैलाई आ-आफ्नो ठाउँबाट पीडित सोवेलको उपचारमा सहयोग गर्न पनि आग्रह गरेका छन् ।

## महँगो भाडाको मारमा सर्वसाधारण

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २४ कात्तिक

रुकुम पश्चिमका ग्रामीण भेगमा सर्वसाधारण महँगो भाडा तिरेर यात्रा गर्न बाध्य छन् । दशैं र तिहारको बेलामा पनि जिप, बसलगायतका सवारीसाधनले आफू खुसीले भाडा उठाउने गरेका थिए ।



आपफूले खलंगाबाट छिनखेत आएको ७ सय रुपैयाँ भाडा तिरेको एक स्थानीय बताउँछन्। जबकि उक्त सडक जम्मा १२ किलोमिटर रहेको छ। भाडा महँगो भए पनि मानिसहरू भनेकै भाडामा सवार गर्न बाध्य छन्। गाडीले आठबिसकोटबाट छिनखेतसम्मका लागि पनि ८ सय रुपैयाँ भाडा लिएको आठबिसकोटका एक स्थानीय बताउँछन् ।

जिल्ला प्रशासन कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयले अनुगमन नगर्दा सवारीसाधनहरुले मनलाग्दी भाडा लिने गरेको स्थानीयहरुको गुनासो छ ।

# ‘गुणस्तरीय काम नभएको योजनाको भुक्तानी दिँदैनौं’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २४ कात्तिक



अर्घाखाँचीका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले मुस्कानसहितको सरल, सहज र गुणस्तरीय सेवा उपलब्ध गराउन कर्मचारीहरुलाई निर्देशन दिएका छन् ।

सन्धिखर्क नगरपालिका वडा नम्बर १ देखि वडा नम्बर १२ सम्म रहेका वडा कार्यालयको अनुगमन गर्दै प्रमुख प्रशासकीय अधिकृत भुसालले नगरपालिका मातहतका सबै कार्यालयहरुमा मुस्कानसहितको सरल, सहज सेवा दिन र सेवाग्राहीको कुनै गुनासो नआउने गरी सेवा प्रवाह गर्न वडाका कर्मचारीलाई निर्देशन दिएका हुन् ।

प्रमुख प्रशासकीय अधिकृत भुसालले कानून बमोजिमको काम कुनै पनि रोक्दै नरोक्ने र कानून विपरितको काम कसैले दबाब दिए भनेर गर्दै नगर्ने बताए ।

उनले गलत गर्ने र मेहेनत नगर्ने कुनै कर्मचारीलाई छुट नभएको भन्दै स्थानीय तह जनताको नजिकको सरकार भएकोले जनताको धेरै आशा अपेक्षा रहेकोले सोही अनुसार काम गर्नुपर्ने बताए । भुसालले भने, ‘कर्मचारी जनप्रतिनिधिको सामूहिक प्रयासबाट मात्रै नगरपालिकाले सफलता प्राप्त गर्न सक्ने भएकोले त्यसका लागि सबै नगरपालिकाबासीको सहयोगको अपेक्षा गरेको छु । तपाईंहरुको सहयोगले नगरपालिकालाई उत्कृष्ट बनाइनेछ ।’

प्रमुख प्रशासकीय अधिकृत भुसालले वडा कार्यालयबाट हुने सेवाग्राही कार्य सम्पादनको वर्तमान अवस्था, वडाबाट गरिने व्यवसाय दर्ता नविकरण, वडा कार्यालयको अभिलेख व्यवस्थापन, वडामा भएको जिन्सी व्यवस्थापनको अवस्था कर्मचारीहरुको उपस्थिति सेवाग्राहीको गुनासो कार्यालय व्यवस्थापनका बारेमा वडाध्यक्ष, जनप्रतिनिधिहरुसँग जानकारी लिँदै तुरुस्त दुरुस्त सेवा दिन कर्मचारीलाई निर्देशन दिएको वडा नम्बर ७ का सचिव सीता विसीले बताइन् ।

प्रमुख प्रशासकीय अधिकृत भुसाल सन्धिखर्क नगरपालिकामा आएपछि नगरपालिकाभित्रको दैनिक प्रशासनिक सुधारका काम हुनुको साथै सुशासन पारदर्शितालाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको भन्दै जनप्रतिनिधिहरुले समेत प्रशंसा गर्ने गरेका छन् ।

सन्धिखर्क नगरपालिकाको सबै भन्दा बढी राजश्व उठ्ने र व्यस्त वडामा वडा नम्बर १ र वडा नम्बर २ को कार्यालय हो ।

यस्तै अधिकृत भुसालले सन्धिखर्क नगरपालिका वडा कार्यालयहरुको छड्के अनुगमन गर्ने गरेका छन् । काममा पनि पारदर्शिता कायम गरेर अगाडि बढ्ने बताउँदै नगरपालिकाभित्रका सबै योजनाहरु अनुगमन गरेर गुणस्तरीय भए/नभएको बुझेर मात्रै भुक्तानी दिने बताएका छन् ।

# दिघियामा नवाह यज्ञ सम्पन्न

**मनु यादव निरज/मध्यान्ह**
सप्तरी, २४ कात्तिक



सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं.२ दिघियामा सिताराम नाम जप नवाह यज्ञ सम्पन्न भएको छ ।

विश्व कल्याण हेतुले यही कात्तिक १४ गतेदेखि यज्ञ सञ्चालन भएको थियो ।

नवनिर्मित हनुमानको मन्दिर उद्घाटन र प्राण प्रतिष्ठानको अवसरमा सिताराम नाम जप भएको थियो ।

नवनिर्मित मन्दिरको उद्घाटन नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री एवम् सप्तरी क्षेत्र नं. ४ का सांसद तेजुलाल चौधरीले गरेका थिए ।

समापन कार्यक्रममा बलान विहुल गाउँपालिका वडा नं.२ का वडाध्यक्ष इन्द्रदेव यादव, वरिष्ठ समाजसेवी दिनेश्वर प्रसाद यादव, दिगम्बर यादव, निर्मला यादव, सन्त, महन्थ, दुधैला मन्डिलका महन्थ राजिन्द्र खैरवार यादव, दिधिया समाजजका वरिष्ठ समाजसेवीहरु, युवा, माता बहनहरुले सयौंको संख्यामा कलश लिइ कार्यक्रम समापन भएको बलान बिहुल गाउँपालिका वडा नं. २ का वडाध्यक्ष इन्द्रदेव यादवले जानकारी दिए ।

मध्यान्ह
www.madhyanhadaily.com
२५ कात्तिक २०८१, आइतबार
10 November 2024, Sunday

सम्पादकीय

## आवधिक परीक्षणको तयारी

आगामी १६ मंसिरमा हुने स्थानीय तहको उपचुनावका लागि राजनीतिक दलहरूले गतिविधि तीव्र बनाएका छन् । काठमाडौं कीर्तिपुर नगरपालिकाको मेयर, मोरङ ग्रामथान गाउँपालिकाको अध्यक्ष, दैलेख महाबु गाउँपालिकाको अध्यक्ष पद लगायत केही पदाधिकारीमा उपचुनाव हुँदैछ । दुई जना जिल्ला समन्वय समितिका अध्यक्ष, केही पालिका उपाध्यक्ष र बाँकी वडाध्यक्ष पदमा उपचुनाव हुनेछ । सवैभन्दा धेरै (३४ वडामा) वडाध्यक्ष पदका निम्ति उपचुनाव हुँदैछ । बढी चासोमा चाहिँ कीर्तिपुर छ । राजधानी उपत्यकाभित्रै रहेको पालिका भएकाले कीर्तिपुरको उपचुनावलाई दलहरूले प्रतिष्ठाको विषय बनाउनु स्वभाविक पनि हो । त्यसैले दलहरूले राजधानी केन्द्रीत गतिविधि बढाएको बुझ्न सकिन्छ । प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रले गत १० कात्तिकमा राजधानीमै खबरदारी सभा गरेको थियो ।

माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले देशभर खबरदारी सभा गर्ने घोषणा गरेका छन् । ७५३ पालिकामै खबरदारी सभा भनेपनि तत्काललाई उपचुनाव हुने क्षेत्रहरूमा माओवादीको गतिविधि बाक्लो हुने अनुमान गर्न सकिन्छ । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले शनिबार मात्र ७ मंसिरमा काठमाडौंमा जनसभा गर्ने निर्णय गरेको छ । उपचुनावमा प्रभाव पार्नकै निम्ति सम्पूर्ण पार्टी शक्ति प्रयोग गरेर जनसभा गर्ने एमालेले निर्णय गरेको छ । सत्ता साझेदार अर्का दल नेपाली कांग्रेसले पनि उपचुनावमा केन्द्रीत गरेको छ । अन्य साना दल र स्वतन्त्रहरूले पनि उपचुनावमा मत बढाउने दाबी गरिरहेका छन् । अर्थात् उपचुनाव नपत्याएरै पनि मुलुकको मुख्य एजेण्डा बनिसकेको छ ।

बाँकी दुई वर्षे कार्यकालका निम्ति हुने उपचुनावलाई अहिले जुन तहको महत्व दिइएको छ, त्यसलाई सकारात्मक नै मान्नुपर्छ । किनकि यो उपुचनाव बाँकी समय अवधि र केही स्थानको जनप्रतिनिधि चयनका निम्ति मात्रै भइरहेको छैन । दलहरूले उपचुनावलाई आवधिक परीक्षणका रूपमा लिएका छन्, र सत्य पनि त्यही हो । अझ दलहरूले गठबन्धन नगरी एक्लाएक्लै प्रतिस्पर्धा गर्ने बताइरहेका छन् । अलग–अलग प्रतिस्पर्धाले दलहरू र तिनका नेताहरूको वास्तविक परीक्षण हुनेछ । सेवा प्रवाह र विकास निर्माणमा दलहरूले लिएको पहलकदमीको आवधिक परीक्षण हुँदा बाँकी अवधिका निम्ति मार्गदर्शन पनि हुनेछ । तर एकल परीक्षणको परिस्थिति कायम रहनेमा अझै ढुक्क हुन सकिदैन । किनकि अन्तिम समयमा पनि गठबन्धन हुन सक्छ । यदि गठबन्धन नबनेको अवस्थामा यो उपचुनाव आवधिक समीक्षा हुनेछ । र दलहरूले त्यो परीक्षाका निम्ति तयारी गर्नु उचित नै हुनेछ ।

# कोप–२९ मा नेपालले उठाउनुपर्ने एजेन्डा

*कोप-२९ लाई जलवायु वित्तको दृष्टिले निकै महत्वका साथ हेरिएको छ । जलवायु वित्तको नयाँ लक्ष्य मस्यौदामा प्रस्ताव गरिएको वित्तमा धनी राष्ट्रहरूबिच सहमति भई कार्यान्वयन होस् भनी अल्पविकसित र विकासोन्मुख मुलुकहरू चाहन्छन् ।*

अग्रलेख



● शिवकुमार श्रेष्ठ (शिवांसु)

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन कोप-२९ यही नोभेम्बर ११ देखि २२ तारिखसम्म अजर बैजानको वाकुमा हुँदैछ । जहाँ विश्वभरका करिब २ सय देशका राष्ट्र प्रमुख वा सरकार प्रमुख सहभागी हुँदैछन् । नेपालको प्रतिनिधित्व राष्ट्रपति रामचन्द्र पौडेल सहितको नेपाली प्रतिनिधि मण्डलले गर्ने तयारी गरिएको छ । आयोजक राष्ट्रका तर्फबाट अजर बैजानका राष्ट्रपति इल्हम अलियभले यस वर्षको कोप-२९ सम्मेलनको नेतृत्व गर्दै छन् । उक्त सम्मेलनको मुख्य उद्देश्य भनेको जलवायु परिवर्तनको सम्भावित महासंकटबाट बच्ने उपायहरूको खोजी गर्नु हो । जलवायु परिवर्तनको असरसँग जुध्न र पृथ्वीको तापमान सन् १९९२ को भन्दा १.५ डिग्री सेल्सियस नबढाउने प्रयास प्रमुख एजेन्डा रहने छ । साथै, त्यसका लागि अपनाउने विभिन्न विधिको विवेचना र गर्नुपर्ने कार्यको प्रतिबद्धता पनि रहने छ ।

गत वर्ष सन् २०२३ को नोभेम्बरमा दुबईमा भएको कोप-२८मा नेपाललगायत विश्वका करिब एक सय राष्ट्रका लागि जलवायु वित्तको सुनिश्चित गर्न विश्वका सम्पन्न राष्ट्रहरूले प्रतिबद्ध जनाएका थिए । नेपालले पनि सेप्टेम्बर महिनामा चार दशकयता कै ऐतिहासिक वर्ष र तापक्रमको सामना गर्नुपरेको थियो । सन् २०२३ को २३ सेप्टेम्बर महिनामा लहानको तापक्रम ३९.५ डिग्री सेल्सियस सर्वाधिक मापन भएको थियो भने यसै वर्ष सर्वाधिक वर्षा ४१३.१ मिलिमिटर रहेको थियो । संयुक्त राष्ट्र संघको विश्व मौसम विज्ञान संगठनको एक प्रतिवेदनले सन् २०२३ लाई हालसम्मकै सर्वाधिक तातो वर्षको रूपमा पुष्टि गरेको थियो । विश्वव्यापी तापमान वृद्धिले गर्दा जलवायु परिवर्तन भई मौसममा अस्वाभाविक र अनपेक्षित परिवर्तन देखा पर्दै विश्वव्यापीरूपमा प्राकृतिक प्रकोपहरू देखा परेका छन् । बढ्दो तापक्रम नै जलवायु परिवर्तनका कारक तत्व मानिन्छ । जसको मुख्य दोष भनेको हरित गृह ग्यास नै हो । यसबाट के स्पष्ट हुन्छ भने जलवायु प्राकृतिक रूपमा परिवर्तन हुनु सामान्य हो तर, तीव्रताका साथ जलवायु परिवर्तन भने मानव सिर्जित क्रियाकलापलाई लिन सकिन्छ ।

विगत ३० वर्षयता नेपालका हिमालहरूका एक तिहाई हिउँ ग्लोबल वार्मिङको कारण पग्लि कालापथ्थरमा परिणत भइसकेका छन् । हरित गृह ग्यास उत्सर्जनमा विश्व नेपालको ०.०२५ प्रतिशत मात्र हिस्सा रहेको छ । जलवायु परिवर्तनको दृष्टिकोणबाट उच्च जोखिम मुलुकमध्ये १०औं स्थानमा पर्दछ । हरित ग्यास उत्सर्जन गर्ने शीर्ष मुलुकहरू चीन, अमेरिका र भारतले मात्र ४२.६ प्रतिशत हिस्सा ओगट्छ । पछिल्ला स्थानमा रहेको एक सय राष्ट्रले केवल २.९ प्रतिशत हिस्सा ओगट्छ । कोप-२६को सहमतिपत्र अनुसार सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने र आगामी सन् २०३० सम्म नेपालमा पेट्रोलियम सवारी साधनलाई ६० प्रतिशत विस्थापित गरी सक्नुपर्ने छ ।

लस एन्ड ड्यामेजको सवालअनुसार शून्य वा कम योगदान रहेर पनि त्यसको असर भोगिरहेको नेपाल जस्तो देशहरूलाई कार्बन उत्पादनका लागि योगदान गर्ने देशहरूले क्षतिपूर्ति दिनु भन्ने हो । संयुक्त राष्ट्र संघको डब्लूएमओको कोषबाट कार्बन उत्सर्जन कम गरे वापत नेपालले सन् २०२४ सम्ममा चार अर्ब ७५ करोड रूपैयाँ प्राप्त गर्‍यो । सन् २०११ देखि केन्द्रले सञ्चालन गर्दै आएका विभिन्न आठ कार्बन व्यापारका परियोजनामार्फत यस्तो आम्दानी गरेको हो । हालसम्म केन्द्रमार्फत ६० लाख मेट्रिक टन कार्बन व्यापार गरिएको छ । गत वर्ष ०८०/८१ मा पाँच लाख ४२ हजार मेट्रिक टन कार्बन उत्सर्जन न्यूनीकरण गरी आम्दानी गरिएको हो ।



ग्लोबल वार्मिङको कारण नेपालले सन् २०२३/२४ मा धेरै धनजनको क्षति व्यहोर्नुपर्‍यो । वि.सं. २०८१ साल असोज ११ र १२ गते परेको पानीको कारण आएको बाढीले २४६ जनाले ज्यान गुमाए भने १८ जना अझै बेपत्ता छन् । साथै, ११ हजार घर परिवार विस्थापित भएका छन् । यस विपत्तिबाट ४६ अर्बको क्षति भएको छ । बाढी पहिरोबाट ४४ वटा पुल, २६ वटा जलविद्युत योजना, ३०२ वटा दूरसञ्चार सम्बन्धी संरचना र ८४ वटा सवारी साधन क्षति भएको थियो । यस विपत्तिबाट कृषिमा मात्र पाँच अर्ब ८३ करोड क्षति पुगेको छ ।

कोप सम्मेलनमा नेपालले भोग्नु परेका चुनौती र राष्ट्रिय विपत्ति जोखिम न्यूनीकरण विषय उठान गर्नुपर्ने छ । गत वर्षदेखि हिम ताल विस्फोटन र अतिवृष्टिको कारणले २०८१ साल असोज ११ र १२ गतेको वर्षाले पुर्‍याएको धनजनको क्षतिबारे पनि अवगत गराउनु पर्ने हुन्छ । यी सबै जलवायु परिवर्तनको सवालमा नेपालले नखाएको विष लागेको अवस्था छ । त्यसबाट बाहिर निस्कन शक्ति राष्ट्रहरूले साथ दिनुपर्छ । भन्ने जोरदार आवाज उठान गर्नुपर्ने हुन्छ । नेपाल सरकारले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जन र सन् २०३० सम्म दिगो विकासका लक्ष्यलगायतका दस्ताबेजमा प्रतिबद्धता जनाइसकेको छ । तसर्थ, नेपालको अर्थतन्त्र हरित अर्थतन्त्रतर्फ रूपान्तरण गर्दै लैजाने गरी नेपाल राष्ट्र बैंकले पहिलो पटक नेपाल ग्रीन फाइनान्स ट्याक्सोनोजी २०२४ कार्यान्वयनमा ल्याएको छ । विश्वमा धेरै देशले यसको अभ्यास गर्दै आएको छ । वातावरणीय पक्षमा उदासीन हुँदा जलवायु जोखिम बढी रहेकोले दिगो आर्थिक निकास, जल, वायु परिवर्तनका असर न्यूनीकरण, कार्बन उत्सर्जन न्युनीकरण जस्ता पक्षलाई प्रवर्द्धन गर्दै सरकारले निर्धारण गरेका हरित अर्थतन्त्र तथा वातावरण संरक्षणका लक्ष्यलाई पुग्ने गरी ट्याक्सोनोमी ल्याएको हो ।

कोप-२९ लाई जलवायु वित्तको दृष्टिले निकै महत्वका साथ हेरिएको छ । जलवायु वित्तको नयाँ लक्ष्य मस्यौदामा प्रस्ताव गरिएको वित्तमा धनी राष्ट्रहरूबिच सहमति भई कार्यान्वयन होस् भनी अल्प विकसित र विकासोन्मुख मुलुकहरू चाहन्छन् । सन् २०१७ को ट्रम्प शासनकालमा संयुक्त राज्य अमेरिका पेरिस सम्झौताबाट बाहिरिएको थियो । यस पटक पनि ट्रम्प राष्ट्रपतिमा निर्वाचित भएपछि कोप-२९ का सदस्य राष्ट्रहरू संशकित भएका छन् । जसको परिणाम धनी देशलाई जलवायुसम्बन्धी कार्यमा योगदान गर्न उदासीन र बढी प्रभावित देशहरूलाई हतोत्साहित बनाउने छ । जलवायु कोषले विकासशील राष्ट्रहरूको जलवायु अनुकूलन र न्यूनीकरण प्रयासलाई समर्थन र वित्तीय सहयोग गर्दै आएको छ । अमेरिकाले साथ नदिए कार्बन उत्सर्जन कम गरी पृथ्वीको तापमान बढ्न नदिनका लागि गरिएका प्रतिबद्धता कार्यान्वयनमा बाधा अड्चन पुग्ने छ भने महत्वकांक्षी लक्ष्य प्राप्तिको अन्तर्राष्ट्रिय मनोबल कमजोर बनाउने खतरा पनि उत्तिकै छ । ग्लोबल स्टक टेकको मुख्य उद्देश्य नै कार्बन उत्सर्जन न्यूनीकरणका लागि राष्ट्रिय योजनाको मूल्याङ्कन र अद्यावधिक गर्ने हो ।

*कोप सम्मेलनमा नेपालले भोग्नु परेका चुनौती र राष्ट्रिय विपत्ति जोखिम न्यूनीकरणका विषय उठान गर्नुपर्ने छ । गत वर्षदेखि हिमताल विस्फोटन र अतिवृष्टिको कारणले २०८१ साल असोज ११ र १२ गतेको वर्षाले पुर्‍याएको धनजनको क्षतिबारे पनि अवगत गराउनु पर्ने हुन्छ । यी सबै जलवायु परिवर्तनको सवालमा नेपालले नखाएको विष लागेको अवस्था छ ।*

यस सम्मेलनले जलवायु वित्त नयाँ लक्ष्य निर्धारण गर्ने आशा गरिएको छ । यदि संयुक्त राज्य अमेरिकाले पछि हटे चीनले विकरणीय ऊर्जा, आर्थिक साझेदारी र विस्तारित भूराजनीतिक प्रभावलाई जलवायु नेताका रूपमा उभ्याउन प्रयोग गर्ने छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

उपसभामुख हुन् वा एमालेका प्रदेशमन्त्री वा अरू कोही राजकीय पदको दुरुपयोग गरी पैसा खाएर मान्छे विदेश पठाउने, त्यस्ता गैर कानुनी कामको मतियार वा सहयोगी बन्छन् भने राजीनामाले मात्रै पुग्दैन, कानुनको दायरा र अदालतको कठघरासम्म आउनै पर्छ । एक अर्कालाई देखाएर उन्मुक्ति खोज्न मिल्दैन ।



**- सेतेमान तामाङ**

देश बनाउन गाह्रो छैन, तर यहाँ गाह्रो बनाएर मात्रै देश नबनेको हो । नेपालमा तीन/तीन वटा विमानस्थल भएर पनि एउटा विमानस्थल मर्मत सम्भार हुँदा यात्रुले महँगो तिर्नुपर्ने बाध्यता बनाउनु सरकारको कमजोरी मात्रै नभई लुटतन्त्र उपज हो । पोखरा/भैरहवाबाट विमान उठान सुरु गरौं, लुटतन्त्रको अन्त्य गरौं ।



**- गोकुल बाँस्कोटा**

सबैजसो अकल्पनीय रूपले उनको विरुद्धमा लागे । तर, फाइनल्ली जनताले ट्रम्पलाई नै रोजे । र, त्यो अमेरिकी जनताको छनौट हो । राजनीतिक पण्डितले गज्जबका विश्लेषण गरिनै रहेका थिए र गरिनै रहलान् पनि । तर, म चाहिँ उनका कदमले पार्ने प्रभाव र परिणाम हेर्न पर्छ भन्छु है ।



**- धर्मेन्द्र जोशी**

कुरा सिम्पल हुन्छ । तर, जब राजनीति घोलिन्छ, कुरा बिग्रिन्छ । कोसी आन्तरिक मामिला मन्त्रीलाई पक्राऊ गरी अनुसन्धान गर । उपसभामुखलाई महाअभियोग लगाएर हटाएपछि राज्यलाई फौजदारी अनुसन्धान गर्न देऊ । दुबै जना अदालत जान्छन् । अनि अदालतले ‘ क्लिन चिट’ दिन्छ वा दोषी करार गर्छ । कुरा यत्ति हो ।

# प्रकोपबाट जोगिने सवाल

विचार



● विश्वमणि पोखरेल

नेपालको सामाजिक, राजनीतिक परिवेशलाई छोटो शब्दमा अर्थ्याउनुपर्‍यो भने भन्ने गरिन्छ ‘मनसुन र भनसुनले चलेको देश ।’ यो वर्ष मनसुनको याम नेपालबाट बिदा भएको छ । सामान्यतया प्रत्येक वर्ष जेठ दोस्रो सातादेखि अशोज दोस्रो सातासम्म नेपाललगायतका दक्षिण एशियाली देशमा मनसुनका बादल छाउँछ र त्यसले वर्षा गराउँछ । नेपालको प्रम्ख बाली धान यसै मनसुनी वर्षात् मा रोपिन्छ । धान, मकै, कोदोलगायतका बालिनालीका लागि अमृत सरह जल दिने मनसुनी बादल हाम्रो कृषि अर्थतन्त्रका लागि बरदान मानिन्छ । हुन त मनसुनमा परेको प्रशस्त पानीले बाढी, पहिरो निम्त्याउँछ । मनसुनका छ महिना बाढी, पहिरोको उच्च जोखिमको समय पनि हो । एकातिर बरदान अर्कोतर्फ बर्बादी दुबै क्षमता राख्दछ मनसुनले । मनसुनी वर्षाको ठेगान हुँदैन, कहिले खडेरी पर्दछ, कहिले अतिवृष्टि हुन्छ, कहिले खण्डबृष्टि हुन्छ ।

समग्रमा भन्नुपर्दा मनसुन राम्रो अर्थात् किसानको हितकारी भयो भने धान राम्रो फल्छ । अन्य बालिनाली, बोट बनस्पतिलाई पोषक बन्दछ । अहिले पनि म्लुकको ठूलो भूक्षेत्र आकासेपानीको भरमा रहेकाले आमकिसान र मनसुनसँगको नाता गहिरो छ । यही मनसुन यस वर्ष अभिशाप बनेर गएको छ । मनसुन अघिल्ला वर्षहरुभन्दा केही समय लम्बियो । मनसुन र पशिचमबाट आउने बादल मिसिएर अशोजमा १० गतेदेखि १२ गतेसम्म मनसुनले वितण्डा मच्चायो । बाढी, पहिरोमा परी २४६ को ज्यान गयो, १८ बेपत्ता छन्, १७८ जना घाइते भएको सरकारी रेकर्ड छ ।

भनसुनबाट चलेको देश भन्ने उक्ति भने सरकारी सेवा प्रवाहसँग जोडिन्छ । नेपाली समाजमा लामो समयदेखि भनसुनबाट काम हुने परम्पराबाट ग्रस्त बनेको छ । सामान्य प्रशासनिक काम कारवाहीदेखि न्यायिक सम्पादनसम्ममा भनसुनको प्रभाव प्रबल देखिन्छ । भनसुनबाट काम हुनु भनेको नियम कानूनले दिएका नागरिक अधिकार गौण हुनु हो, कुण्डित, खण्डित हुनु हो । भनसुनबाट काम हुनु भनेको चिनाजानी, नातागोता, माथिल्लो तहको निर्देशन, आदेश तथा प्रभाव, पहुँच, आर्थिक सौदाबाजी जे पनि हुनसक्छ । नेपालको प्रशासनिक वृतमा जरो गाडेको भनसुन प्रवृति संघीय लोकतान्त्रिक गणतान्त्रिक राजनीतिक व्यवस्थामा आइपुग्दा पनि नियन्त्रण हुनुको विपरीत झनझन विस्तारित भैरहेको देखिन्छ ।

अब मनसुनलगायत प्रकोपका कुरा गरौं । जब प्रकोपको कुरा आउँछ, हामी आफैंले आफैंलाई सोध्नुपर्ने प्रश्नहरु सामुन्ने आउँछन् । हामी कहाँ छौं, कस्तो ठाउँमा बसेका छौं ? उत्तर सरल छ, हामी चलायमान हिमालयको काखमा छौं, जसको चञ्चलता करोडौं वर्षदेखि जारी छ । हिमालय उचालिने क्रम रोकिएको छैन । दक्षिण भिरालो परेर हिमालय, महाभारत श्रृङ्खला, चुरे र तराईको मैदानमा फैलिएको नेपाल, हामीले आफ्नै निधारबाट डोरी तानेर बुढी औंलामा जोड्यौं भने जस्तो भिरालो बन्दछ, त्यस्तै भूखण्डमा छौं । आजभन्दा पाँच करोड २० लाख वर्ष अघिसम्म अहिलेको हिमाल थेथिस महासागरको गर्भमा थियो । प्रत्येक वर्ष औसत पाँच सेन्टिमिटरको दरले हिमालय उचालिइरहेको भूगर्भवेत्ताहरुको कथन छ । यस हिसाबले सर्वोच्च शिखर सगरमाथा निकै अग्लो पो हुनुपर्ने हो । तर उच्च भिरालोका कारण क्षणीकरण तीव्र हुँदै आयो, मनसुनमा हुने अधिक वर्षाले खियाउँदाखियाउँदै अहिलेको सगरमाथा आठ हजार आठ सय ४८ मिटरको उचाइमा सिमित हुन पुगेको हो ।

यसबाट हामी के भन्न सक्छौं विश्वको सर्वोच्च शिखर सगरमाथा भूक्षणीकरण भएर बाँकी रहेको खण्ड नै सर्वोच्च शिखर कहलिएको हो ।हामी भूकम्पका हिसावले उच्च जोखिममा छौं । गोरखा भूकम्प, जाजरकोट भूकम्पले सबक सिकाइसकेको छ । बाढी, पहिरो हाम्रो नियति नै हो । वर्षेनी औसत २८० जनाको बाढी, पहिरोबाट मृत्यु हुन्छ । यसपालि औसतभन्दा झण्डै दोब्बर बढीको मृत्यु नै भएको मानिन्छ । हामी जोखिमबीच छौं, चुरे, महाभारत, उच्च हिमाल सबै मन्द गतिमा उचालिने क्रममा छन् । हिउँद्या चिसो, ठण्डी, वैशाखपछि अशोजसम्म गर्मी त्यो सँगै मध्य जेठपछि असोजसम्मको मनसुन वर्षा अनि बाढी, पहिरो हाम्रा नियति हुन् ।

सन् १९९० मा नेपालले संयुक्त राष्ट्र संघको प्राकृतिक प्रकोप न्यूनीकरण दशक मनायो । त्यसैबेलादेखि प्रकोपमा काम गर्ने बेग्लै निकायको आवश्यकता ठानिएको थियो र सरोकारवालाहरुले वकालत पनि गर्दै आएका हुन् । तर गृह मन्त्रालय, दैवी प्रकोपको सोचबाट मुक्त हुन नसकेको उदाहरण राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको गठनले स्पष्ट गरेको छ । गृहमा पहिला प्रकोप न्यूनीकरण र व्यवस्थापन दैवीप्रकोप शाखा थियो, पछिल्लो समय त्यसलाई महाशाखा बनाइयो र २०७६ मा गठन भएको प्राधिकरण पनि गृह मन्त्रालयकै मातहतको एउटा अड्डा बन्न पुगेको छ । खासमा गृह मन्त्रालय शान्ति, सुरक्षासँग सम्बन्धित चासो राख्ने निकाय हो । विपतको समयमा तत्काल, राहत र उद्धारमा प्रहरी, सशस्त्र प्रहरी र सेना आआफ्नो हिसाबले सक्रिय हुन्छन् नै । विपदपछि र विपदअघिको प्राविधिक, व्यवस्थापकीय, समन्वयात्मक र स्रोत परिचालनजस्ता मामला गृह मन्त्रालयका प्रशासकहरूबाट हुनसक्ने कुरा भएन ।

अनुसन्धानको काम कसले गर्ने ? सरकारका खानी विभाग, शहरी विकास विभाग, सिँचाइ विभाग, सडक विभागमा प्राविधिक जनशक्ति छन् र ती निकायमा अध्ययनका ठेली पनि छन् । त्यस्तै त्रिभुवन विश्वविद्यालय भूगर्भ शास्त्र अध्ययन विभागमा पनि शैक्षिक जनशक्ति र स्रोत सामाग्री छन् तर ती स्रोत, साधनको उपभोगबारे गम्भीर जवाफदेही कसैको पनि देखिन्न । अब कुरा गरौं, राजधानी उपत्यकाको । गत असोज १०–१२ को दुई दिनको वर्षा र बाढीबाट काठमाडौं, ललितपुर र भक्तपुरमा ३४ जनाको मृत्यु भयो, जनजीवन तहसनहस भएको थियो । काठमाडौं उपत्यका मुलुकको राजधानी हो । उपत्यकामा दुई महानगरपालिका छन् । भौतिक विकासका संरचना बनाउँदा प्रकोपलाई ध्यानमा राखेर १०, २०, ३० जस्तै ५०, १०० वर्षको मौसमी चक्रलाई ध्यानमा दिने गरिनु पर्ने हो । भूकम्प, बाढी, पहिरो, डुबानलगायतका प्रकोपलाई ध्यानमा दिएर मात्र संरचनाहरु निर्माण हुनुपर्ने हो । तर, त्यस्तो भयो होला त ?

## तपाईंको राशिफल

मेष : जग्गा खरिद हुने योग छ । व्यापारिक कार्यमा राम्रो प्रगति हुनेछ ।

वृष : विशेष कामले यात्रा हुन सक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ मिल्नेछ ।

कर्कट : आहारमा ध्यान दिनुहोला । पेटसम्बन्धी समस्याको योग छ ।

सिंह : विरोधी कमजोर हुनेछन् । मन भने व्याकुल रहन सक्छ ।

कन्या : पारिवारिक जीवन सुखी रहनेछ । उत्साहमा वृद्धि हुनेछ ।

तुला : धर्मपालनामा रुचि देखिन्छ । चारैतिर प्रभाव बढ्नेछ ।

वृश्चिक : स्वास्थ्य लाभ हुनेछ । कार्यमा प्रगति हुनेछ ।

धनु : विदेश यात्राको योग छ । हतार गर्नु हुँदैन ।

मकर : सबै कार्यमा प्रगति हुनेछ । वाणी संयम राख्नुहोला ।

कुम्भ : धार्मिक कार्यमा खर्च हुनेछ । स्वास्थ्यमाथि ध्यान दिनुहोला ।

मीन : सामान्यरूपले समय बित्नेछ । यात्रा हुने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# पाकिस्तानको रेलवे स्टेशनमा विस्फोट, २५ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको एक रेलवे स्टेशनमा पाकिस्तानी पृथकतावादीहरूले दाबी गरेको बम आक्रमणमा १४ सैनिकसहित २५ जनाको मृत्यु भएको प्रहरीले शनिबार जनाएको छ।

प्रान्तीय राजधानी क्वेटाको मुख्य रेलवे स्टेशनमा यात्रुहरू प्लेटफर्ममा पर्खिरहेका बेला विस्फोट भएको हो। ‘मृत्यु भएको पुष्टि भएका २५ मध्ये १४ जना सेनाका कर्मचारी छन्,’ एक वरिष्ठ स्थानीय प्रहरी अधिकारी मुहम्मद बलोचले बताए।

स्थानीय अस्पतालका प्रवक्ताले विस्फोटमा परी घाइते भएका दर्जनौं



व्यक्तिलाई अस्पतालमा ल्याइएको र धेरैको मृत्यु भएको बताए। बलुचिस्तानमा बारम्बार आक्रमणहरू भए तापनि अफगानिस्तान र इरानको सिमाना जोडिएको दक्षिणपश्चिमी प्रान्तमा शनिबारको विस्फोटबाट मृत्यु हुनेको संख्या विशेषगरी उच्च रहेको छ।

रेल स्टेशनमा विष्फोट बिहान ८:४५ बजे भएको थियो। यस क्षेत्रको मुख्य अलगाववादी समूहहरू मध्ये एक बलुच लिबरेशन आर्मी (बीएलए)ले आक्रमणको दाबी गरेको छ। पाकिस्तानी सेनाको एक इकाईलाई लक्षित गरी आक्रमण गरिएको बीएलएले एक विज्ञप्तिमा उल्लेख गरेको छ।

पाकिस्तानको आधिकारिक समाचार एजेन्सी एसोसिएटेड प्रेसले रेलवे अधिकारीहरूलाई उद्धृत गर्दै दुईवटा रेल छुट्ने क्रममा टिकट बुथ नजिकै विस्फोट भएको बताएको छ।

# ‘मध्यपूर्वभन्दा बाहिर युद्ध विस्तारको खतरा’

**काठमाडौं/एजेन्सी–** इजरायलले तेहरान समर्थित समूहसँग लडिरहेको ‘गाजा र लेबनानमा जारी युद्ध मध्यपूर्वभन्दा बाहिर’ पनि फैलन सक्ने इरानले बताएको छ। इरानका विदेशमन्त्री अब्बास अरागचीले युद्ध लम्बिँदै जाँदा यसको भौगोलिक रूपमा विस्तार पनि हुने खतरा बढ्दै गएको बताएका हुन्।

‘युद्धको विस्तार र असर पश्चिम एशिया क्षेत्रमा मात्र सीमित छैन, असुरक्षा र अस्थिरता अझ टाढासम्म अन्य क्षेत्रहरूमा पनि फैलन सक्छ भनने विश्वले बुझ्नुपर्छ,’ अरागचीले सरकारी टिभीमा प्रसारित एक सम्बोधनमा भने।

सन् २०२३ को अक्टोबर ७ मा प्यालेष्टिनी इस्लामिक समूह हमासले इजरायलमाथि आक्रमण गरेयता इरानसमर्थित प्यालेस्टिनी लडाकू समूह हमासविरुद्ध इजरायलले गाजा पट्टीमा युद्ध जारी राखेको छ।

इजरायलले हालै लेबनानमा आफ्नो ध्यान केन्द्रित गरेको छ। इजरायलले लेबनानी लडाकू समूह हिजबुल्लाहसँग सेप्टेम्बरदेखि प्रत्यक्ष युद्ध शुरु गरेको छ। हिजबुल्लाह समूहलाई इरानको आर्थिक र सैन्य समर्थन रहाँदै आएको छ।

तेहरानले अक्टोबर १ मा इजरायलमाथि



गरेको आक्रमणको जवाफमा इजरायलले २६ अक्टोबरमा इरानका सैन्य स्थलहरूमा हवाई आक्रमण गरेको थियो। अक्टोबर २६ मा इजरायलले गरेको आक्रमणमा चार सैनिकको मृत्यु हुनुका साथै राडार प्रणालीमा ‘सीमित क्षति’ पुगेको इरानी अधिकारीहरूले बताएका छन्।

इरानी सञ्चारमाध्यमका अनुसार आक्रमणबाट एक जना सर्वसाधारणको पनि मृत्यु भएको छ। अमेरिका र इजरायलद्वारा जवाफी कारबाही भएमा इरानले त्यसको नराम्रो नतिजा भोग्नुपर्ने चेतावनीका बावजुद् पनि तेहरानले प्रतिकार गर्ने जनाएको छ।

इरानका राष्ट्रपति मसूद पेजेस्कियानले गाजा र लेबनानमा सम्भावित युद्धविरामले इरानको प्रतिक्रियामा असर पार्न सक्ने बताएका छन्।

‘यदि उनी (इजरायली) हरूले युद्धविराम स्वीकार गरेनन् र यस क्षेत्रका उत्पीडित र निर्दोष मानिसहरूको नरसंहार बन्द गरेनन् भने यसले हाम्रो प्रतिक्रियाको तीव्रता र प्रकारलाई आवश्यक गर्न सक्छ,’ पेजेस्कियानले यसै महिनाको शुरुमा भनेका थिए।

बिहीबार इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका सल्लाहकारले इजरायललाई आवेगपूर्ण प्रतिक्रिया नदिन चेतावनी दिएका थिए। सल्लाहकार अली लारिजानीले सरकारी टेलिभिजनसँग भने, ‘इजरायलले इरानमा द्वन्द्व ल्याउने लक्ष्य राखेको छ। हामीले यसको पासोबाट बच्न बुद्धिमानीपूर्वक काम गर्नुपर्छ र सामान्य अवस्थामा प्रतिक्रिया जनाउनु हुँदैन।’

# गाजा युद्धमा मृत्यु भएकामध्ये ७० प्रतिशत महिला तथा बालबालिका

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय मानव अधिकार कार्यालयले इजरायल र गाजामा सन् २०२३ अक्टोबर ७ बाट बाहिर आएको डरलाग्दो वास्तविकताको विवरण दिने एक प्रतिवेदन प्रकाशित गरेको छ। प्रतिवेदनका अनुसार हालसम्म मृत्युमध्ये झण्डै ७० प्रतिशत बालबालिका र महिलाहरू रहेका छन्।

यसमध्ये करिब ८० प्रतिशतको मृत्यु आवासीय भवनमा भएको थियो, जसमा ४४ प्रतिशत बालबालिका र २६ प्रतिशत महिला थिए। संयुक्त राष्ट्र मानव अधिकारका लागि उच्चायुक्त भोल्कर टर्कले भने, ‘मेरो कार्यालयले मानिसहरूका लागि प्रकट भएको डरलाग्दो विवरणको प्रतिवेदन प्रकाशित गरिरहेको छ। अक्टोबर ७, सन २०२३ देखि जघन्य अपराधहरू हुने खतराबारे मैले बारम्बार चेतावनी दिएको छु। अन्तर्राष्ट्रिय कानूनले यी गम्भीर उल्लङ्घनको लागि न्याय दिनै पर्छ।’

हमासले गत वर्ष अक्टोबर ७ मा इजरायलमा ठूलो आतंकवादी आक्रमण गरेको थियो। उक्त आक्रमणमा एक हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएका र २५० भन्दा बढी व्यक्तिलाई बन्धक बनाएका थिए। तिनीहरूमध्ये लगभग १०० जना भन्दा बढी अझै पनि बन्दक छन्।

जवाफमा, इजरायलले गाजामा हमास एकाइहरूलाई निशाना बनाउँदै कडा जवाफी आक्रमण सुरु गर्यो। यद्यपि, इजरायली कारबाहीहरूले गाजामा ४५ हजार भन्दा बढी प्यालेस्टाइनीहरूको मृत्यु भएको जनाइएको छ।

**उत्तरी गाजामा अनिकाल व्याप्त**

उत्तरी गाजा क्षेत्रमा बढ्दो शत्रुता र खाद्य सहायतामा लगभग रोक लगाइएका कारण अनिकाल परेको संयुक्त राष्ट्रसंघको सहयोगमा तयार पारिएको र शनिबार सार्वजनिक गरिएको एक अध्ययन प्रतिवेदनमा उल्लेख छ।

अनिकाल पुनरावलोकन समितिले जारी गरेको प्रतिवेदनमा ‘गाजा पट्टीमा तीव्र गतिमा बिग्रँदै गएको परिस्थितिले गर्दा अनिकाल लाग्ने सम्भावना छ’ देखिएको उल्लेख गरिएको छ। ‘अनिकालको सीमा पार भइसकेको वा निकट भविष्यमा पनि अनिकाल



व्याप्त बन्ने सम्भावना देखिन्छ,’ प्रतिवेदनमा भनिएको छ।

सन् २०२५ को नोभेम्बरदेखि अप्रिल २०२५ को बीचमा गाजामा ‘विनाशकारी’ खाद्य असुरक्षाको सामना गरिरहेका मानिसहरूको संख्या तीन लाख ४५ हजार अर्थात् जनसंख्याको १६ प्रतिशत पुग्ने अनुमान गरिएको थियो। इन्टिग्रेटेड फुड सेक्युरिटी फेज क्लासिफिकेसन (आईपीसी)को रिपोर्टले यसलाई आईपीसी फेज ५ को रूपमा वर्गीकृत गरेको छ। यस्तो अवस्था जब ‘भोकमरी, मृत्यु, अभाव र अत्यन्त गम्भीर तीव्र कुपोषणको स्तर स्पष्ट छ।

उक्त प्रतिवेदनपछि गाजाको उत्तरी क्षेत्रमा खाद्य प्रणाली ध्वस्त भएको, मानवीय सहायतामा कमी आएको र पानी र सरसफाइको अवस्था नाजुक भएको समितिले जनाएको छ। ‘यो अनुमान गर्न सकिन्छ कि यी क्षेत्रहरूमा भोकमरी, कुपोषण र अन्य रोगका कारण मृत्युदर अत्यधिक तीव्र गतिमा बढिरहेको छ,’ विज्ञप्तिमा भनिएको छ।

गत वर्ष अक्टोबर ७ मा हमासले गरेको आक्रमणपछि इजरायलले गरेको जवाफी आक्रमणका कारण गाजा पट्टीको ठूलो क्षेत्र तहसनहस भएको छ। इजरायली सेनाले अक्टोबरको शुरुदेखि नै गाजा पट्टीको उत्तरी क्षेत्रको ठूलो भूभागमा आफ्नो अभियान तीव्र पारेको छ। सन् २०२३ को अक्टोबरयता गाजा पट्टीमा प्रवेश गर्न अनुमति दिइएको सहायता सामग्री कुनै पनि समयको तुलनामा कम भएको प्रतिवेदनमा उल्लेख छ।

कालोबजारीका कारण अत्यावश्यक वस्तुको मूल्य बढेसँगै खाद्यान्नको पहुँच निरन्तर खस्कँदै गएको छ। खाना पकाउने ग्यास दुई हजार ६१२ प्रतिशत, डिजेल एक हजार ३१५ प्रतिशत र दाउरा २५० प्रतिशतले बढेको छ। रिपोटमा भनिएको छ, ‘अत्यावश्यक वस्तुको अत्यधिक उच्च र बढ्दो मूल्यवृद्धिसँगै खाद्यान्न र अन्य आधारभूत आवश्यकताका लागि खरिद वा विनिमय गर्न सक्षम हुने जीविकोपार्जन पूर्ण रूपमा धराशायी भएको छ।’

गत महिना इजरायलले प्यालेस्टाइनका लागि संयुक्त राष्ट्रसंघीय सहायता नियोग (यूएनआरडब्लुए)सँगको सम्बन्ध तोडेकोमा चिन्ता व्यक्त गर्दै गाजामा ‘मानवीय कार्यका लागि अत्यन्त गम्भीर परिणाम’ आउने चेतावनी दिएको थियो।

**Jayaprithvi Municipality**
**Office of the Municipal Executive**
**Chainpur, Bajhang**
**Invitation for Sealed Quotation**
**Date of publication: 2081/07/25**
Method of Procurement: Sealed Quotation

1. Jayaprithvi Municipality, Bajhang invites Electronic bids for following different Works from Nepalese eligible bidders for following works under Sealed Quotation procedures. The estimated amount for the works is given below
The Summary of Contractor is given below.

| SN | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT] | Bid Security amount (Nrs) | Bid Security Validity Period | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | JPM-SQ-02-2081/082 | Supply and Delivery of Medicine and Surgical items | 2500295 | 67500 | 75 day | 1000/- |
| 2 | JPM-SQ-06-2081/082 | Supply and Delivery of Furniture and Fixture for Official Purpose. | 649000 | 18000 | 75 day | 1000/- |
| 3 | JPM-SQ-07-2081/082 | Supply and Delivery of Civil Works Lab in jayaprithvi Municipality | 909060 | 27000 | 75 day | 1000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Jayaprithvi Municipality, Office of the Municipal Executive, Chainpur, Bajhang, Email Address: jpmunicipality2014@gmail.com, Contact No: 092421064, 092421508, 9868861828, 9858490254 or may visit PPMO website www.bolpatra.gov.np.

| Cash Deposite for Purchase of Bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Rastriya Banijya Bank, Bajhang | Bank | Rastriya Banijya Bank, Bajhang |
| Account Number (Antarik rajswo Khata) | 4110100301010004 | Account Number (Dharauti Khata) | 4110100303000004 |
| Office Code | 801077001 | Office Code | 801077001 |
| Revenue Head | 14529 | Revenue Head | |

3. Purchase, Submission and Opening

| Last date of Bid Purchase | Last Date of Submission | Bid Opening |
|---|---|---|
| Date and time | Date and Time | Date and Time |
| 2081/8/10 12:00 | 2081/8/10 12:00 | 2081/8/10 14:00 |

**Sidda Raj Pandit**
**(Chief Administrative Officer)**

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**नयाँ शहर आयोजना कार्यालय राकम कर्णाली**
**दैलेख**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८१/०७/२५**

यस आयोजना कार्यालयबाट आह्वान भएको निम्न अनुसारका निर्माण कार्यहरुको लागी रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक मूल्यांकन हुँदा तपशिल बमोजिम कबोल गरेका बोलपत्र न्यूनतम मूल्यांकीत सारभूत रुपमा प्रभावाग्राही रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (२) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ उक्त बोलपत्रहरु स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नाम/ठेगाना | कबोल रकम (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| 1 | RKNTP/Dailekh/Works/NCB/01/2081/082 | Urban development and settlement development Works at Rakam Karnali (Ward no. 4- Kholibajar, Bakhrikot Bajar and Tar Bajar Area) | **Handik/Birat/Bijaya JV,** Chamunda Bindrashaini-7, Dailekh | 1,82,38,190.42 |
| 2 | RKNTP/Dailekh/Works/NCB/02/2081/082 | Infrastructure Development works at Bagarkhet Landpooling Area | **AMRIT-M.K. JV,** Tulsipur Dang | 1,82,11,542.67 |
| 3 | RKNTP Dailekh/ Work/NCB/03/2081/082 | Urban Development and Infrastructure Development Works at Nimayal and completion of Community Building in Nimayal | **M.M.-Sachet J/V,** BNNP-3, Surkhet | 2,02,54,089.12 |

**मोटरसाईकल हराएको सूचना**

मिति २०८१/०७/०५ गते बेलुका १९:०० बजेको समयमा काठमाडौं जिल्ला बालाजुमा पार्किङमा पार्क गरिराखेको बागमती प्रदेश ०२–०५२ प–२११९ नम्बरको सुन्तला रङको KTM Duke मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खवर गरिदिनुहोला।
**सवारी धनि:** मिलन नेपाली
**ठेगाना :** कलंकी–१४, काठमान्डौ
**च्यासिस नं.:** MD2JPCXK9RN070194
**इन्जीन नं.:** R-936-06997
**सम्पर्क :** ९८०९५३४१११

**मोटरसाईकल हराएको सूचना**

मिति २०८१/०७/२१ गते रौतहट जिल्ला परोहा न.पा वडा.नं ०२ बस्ने मो.साजिद प्रवेजको घरमा पार्किङ्ग गरिराखेको मधेश प्रदेश ०३–०२७ प–७७३५ नम्बरको Burnt Red रङको Pulsar NS मोटरसाईकल अन्दाजी ०५:३० बजे हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा खवर गरिदिनुहोला।
**सवारी धनि :** सिटी एक्सप्रेस मनी ट्रान्सफर प्रा.लि
**इजिन नं :** JEXCMH45038
**चेसिस नं :** MD2A92CX1MCH86861
**सम्पर्क :** ९८५११६२३४६

**कतारमा रोजगार**
कम्पनी: **PRIME VISION TRADING CONTRACTING AND SERVICES WLL** शहर: Doha
पूर्व स्वीकृत मितिः २०८१/०७/२३ चलानी नं.: ६०२२७६७६ LT. No.: 313215

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Bulding | 3 | 0 | | 1200 | ४४,३४० | | | | | | | |
| 3. | Receptionist | 0 | 2 | | 2200 | ८१,२९० | | | | | | | |
| 4. | Secretary Female | 0 | 1 | | 2500 | ९२,३७५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Paragon H.R. Management Pvt. Ltd.**
Govt.Lic.No. 1519/074/075
Dhumbarahi-4, Kathmandu, Mob.: 9813000522, Tel:-5901247
E-mail : paragonhrmanagement@gmail.com, Web.: www.paragonhrgroup.com

**SAUDI र UAE मा रोजगार** | कम्पनी : **QADDOUR NAJD CATERING SERVICES COMPANY** शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६६८ L.T. No.: 313317

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | स. काममा दक्ष | 2200 | ७८,९१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SHIMMER LADIES SALON - L.L.C - O.P.C** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६६९ L.T. No.: 313321

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HAIRDRESSER | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair stylist/manicurist/pedicurist/complexionmasseur/maker up | 0 | 1 | | 1500 | ५५,०२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदी रु. १०,००० कामदारले UAE : नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Chartered Global Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १३४७/०७४/०७५
Tokha-10, Kathmandu, Tel.: 01-4380114, 4388226, Mo.: 9845043179, 9851249861, 9851249859, Email: info@cg-hr.com, Web: www.cg-hr.com

**युएईमा रोजगार**
कम्पनी: **EURO MECHANICAL AND ELECTRICAL CONTRACTING COMPANY LLC** शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/०२/२३ चलानी नं.: ६०२२०६३७ LT. No.: 305931 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Assistant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०३३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Factory Worker | 20 | 0 | | 1100 | ४०३३७ | | | | | | | |
| 3. | Gas Turbine Operator | 20 | 0 | | 1500 | ५५००५ | | | | | | | |
| 4. | Heat Metal Assistant | 20 | 0 | | 1100 | ४०३३७ | | | | | | | |
| 5. | Stock Filler | 20 | 0 | | 1200 | ४४००४ | | | | | | | |
| 6. | Turner Assistant | 20 | 0 | | 1200 | ४४००४ | | | | | | | |
| 7. | Welder Assistant | 20 | 0 | | 1100 | ४०३३७ | | | | | | | |

**अन्तर्वार्ता जब ओरियन्टेड ट्रेनिङ सेन्टर, काठमाडौंमा २०८१ मंसिर २,३,४ गते (17,18,19 November 2024) मा हुनेछ ।**

Note: Steel Erector, Pipe Fitter, Grinder, Rigger, Scaffolder, Airless Spray Painter, Fire Watcher/Hole Watcher, Welder SMAW/FCAW/2G/3G/4G, Rigging Foreman, Heavy Driver मा अनुभव भएकोलाई विशष प्राथमिकता दिईने छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.**
साविकको नाम : (GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.)
Govt. Lic. No.: 1645/080/081
P.O. Box:3355 | Samakhushi, Kathmandu, Nepal Email: globalmanpowernepal@gmail.com
Phone : +977 01 5904717 | 9767232692 | 9823904717 | 9823904718, 9823904719

**साउदीमा रोजगार**
कम्पनी: **PET HOUSES TRADING COMPANY** शहर: Dammam
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६७४ L.T. No.: 313272

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **ARABIAN PIPELINE & SERVICES CO. LTD (ANABEEB)** शहर: Saudi Arabia, Al Jubail
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६७२ L.T. No.: 313346

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **NASSER SALEH AL NUAIMI CONTRACTING EST** शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६७१ L.T. No.: 313345

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bulldozer Operator | 3 | 0 | स. काममा दक्ष | 2500 | ८९,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **SOLID FOUNDATIONS CORPORATION FOR GENERAL CONTRACTING** शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८१/०७/२३ चलानी नं.: ६०२२७६७३ L.T. No.: 313347

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 2 | 0 | | 1000 | ३५,८७० | | | | | | | |

कम्पनी: **MASAS AL-SARAR NATURAL FEED FACTORY** शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०८०/०७/२० चलानी नं.: ६०२२७६७५ L.T. No.: 313132

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker Loading And Unloading | 2 | 0 | | 1000 | ३५,८७० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१–४९८८८०८ फ्याक्स: ४३८११७
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com
श्रम इजाजत नं. ५२३/०६१/०६२

# बक्स अफिस समाचार



## 'हरिबहादुरको जुत्ता'मा स्वस्तिमा

**काठमाडौं/मस-** फिल्म 'हरिबहादुरको जुत्ता'को शीर्ष अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्धित भएकी छन् । शुक्रबार निर्माता सरोज ओलीले स्वस्तिमासँग कागजी सम्झौता गरेका हुन् । उनलाई निर्देशक दीपेन्द्र के. खनालले स्क्रिप्ट पनि हस्तान्तरण गरे ।

दुई दशकअघिको चर्चित सिरियल ' मदनबहादुर-हरिबहादुर'मा अभिनेता हरिवंश आचार्यले निर्वाह गरेको हरिबहादुरको चरित्रमा आधारित भएर फिल्म 'हरिबहादुरको जुत्ता' बन्न लागेको हो । यस फिल्ममा कलाकारको 'लाइनअप' बलियो बनिसकेको छ । फिल्ममा हरिवंश स्वयं शीर्ष भूमिकामा देखिँदैछन् । यस्तै फिल्ममा गायक प्रकाश सपूतको पनि अभिनय रहने निर्माण टिमले जानकारी दिएको छ ।

हरिवंशसँग स्वस्तिमाले पहिलोपटक फिल्ममा काम गर्न लागेकी हुन् । यसअघि म्यूजिक भिडियो 'कर्कलो कोक्याउला'मा भने उनीहरुको सहकार्य गरिसकेका छन् । त्यस्तै, प्रकाशसँग स्वस्तिमाको फिल्ममा यो दोस्रो सहकार्य हुनेछ । यतिबेला उनी प्रकाशकै अभिनय तथा निर्देशनमा बनिरहेको फिल्म 'वसन्त'को छायाँकनमा व्यस्त छिन् ।

फिल्मको सहायक भूमिकामा प्रियंका कार्की पनि जोडिएकी छन् । निर्माता सरोज ओलीले माघको दोस्रो सातादेखि काभ्रेमा फिल्मको छायाँकन शुरु हुने जानकारी दिए । फिल्ममा पटकथा र संवाद हरिवंशकै छ । बाँकी कलाकार आइतबारदेखि तय गर्ने निर्माताको योजना छ । एसएम मोसन पिक्चर्स प्रालिको ब्यानरमा फिल्म निर्माण हुन लागेको हो ।

## 'मिसिङ : केटी हराएको सूचना'को प्रदर्शन स्थगित

**काठमाडौं/मस-** आउँदो कात्तिक ३० गतेलाई प्रदर्शनको समय घोषणा गरिएको चलचित्र 'मिसिङः केटी हराएको सूचना' को प्रदर्शन स्थगित गरिएको छ । चलचित्रका वितरक करण श्रेष्ठले प्रदर्शनरत चलचित्र 'पूर्ण बहादुरको सारङ्गी'ले अभूतपूर्व व्यापार गरिरहेको र नयाँ चलचित्र आउँदा 'शो' बाँडफाँडमा समस्या हुने भएकाले नयाँ मिति सार्वजनिक नभएसम्मका लागि 'मिसिङः केटी हराएको सूचना' को प्रदर्शन स्थगित गरिएको जानकारी दिए ।



उनले भने, 'पछिल्लो समय नेपाली चलचित्रले पाइरहेको दर्शकको साथले सबै चलचित्रकर्मीलाई उत्साहित बनाएको छ । गत दसैंदेखि छठसम्म नेपाली चलचित्रको व्यापार हेर्ने हो भने हामी अब विदेशी चलचित्रसँग डराउनुपर्ने अवस्था छैन । त्यसैले हामीले मिसिङः केटी हराएको सूचना हाललाई प्रदर्शन रोक्ने र चलिरहेका नेपाली चलचित्रलाई साथ दिने घोषणा गरेका छौं ।'

नयाँ चलचित्र आउँदा दर्शकको साथ प्राप्त चलचित्रलाई असर पर्ने सम्भावना रहने भएकाले इतिहास कायम गर्ने बाटोमा रहेको चलचित्रलाई सहज बनाइदिनु आफ्नो दायित्व ठानेको निर्देशक दीपेन्द्र गौचनले बताए । उनले भने, 'हामी छिट्टै नयाँ प्रदर्शनको समय तय गर्नेछौं । अहिलेलाई हामीले नेपाली चलचित्रको उत्सवलाई ऐक्यबद्धता दिएका हौं । हामीले अब यसरी नै आपसी समझदारीमा अगाडि बढ्नुपर्छ ।'

वृत्तचित्र 'उजेली', 'हाम्रो मुमिन'लगायत निर्देशन गरेर आफ्नो छुट्टै पहिचान बनाएका निर्देशक गौचनले ठूलो पर्दाका लागि चलचित्र 'मिसिङः केटी हराएको सूचना' झन्डै ३२ वर्षपछि निर्देशन गरेका हुन् । पहाडी समुदायको केटा र मधेशी समुदायकी केटीको रहनसहन तथा मेलमिलापको विषयवस्तुलाई समेटिएको उक्त चलचित्रमा नाजिर हुसेन, सृष्टि श्रेष्ठ, सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौसल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी, मनोज शाह, अर्जुन पोखरेल, ओमप्रकाश कर्णलगायत कलाकारले अभिनय गरेका छन् ।

## एन्जल्स ब्याण्डले ल्यायो 'कति छन्'



**काठमाडौं/मस-** 'द एन्जल्स ब्यान्ड'ले ' कति छन्' शीर्षकको नयाँ गीत सार्वजनिक गरेको छ । गीतमा ब्यान्डका प्रमुख गायक राजु लामाले स्वर दिएका छन् । संगीत र शब्द स्व.सुनिल बर्देवाले तयार पारेका गीतको भिडियोमा द एन्जल्स ब्यान्डका सदस्यहरूको प्रस्तुति रहेको छ, जसमा गायक राजु लामासँगै राजेश, विकाश र ताशी रहेका छन् ।

भिडियोको निर्देशन र छायाँन संगमले गरेका छन् भने ग्राफिक्सको काम बालकृष्ण श्रेष्ठले गरेका छन् । भिडियो सम्पादनमा अन्जय खड्का र बालकृष्ण श्रेष्ठले सहकार्य गरेका छन् ।

'द एन्जल्स ब्यान्ड' नेपाली पप संगीतको क्षेत्रमा सन् १९९० मा स्थापित एक प्रतिष्ठित ब्यान्ड हो । सन् १९९१ मा पहिलो एल्बम 'मौन जीवन' सार्वजनिक गरेपछि, ब्यान्डले 'द एन्जल्स २' 'द एन्जल्स ३' 'द एन्जल्स ४' र 'बेस्ट अफ द एन्जल्स' जस्ता एल्बमहरू पनि प्रस्तुत गरेको थियो ।

यो गीत दिवंगत सुनिल बर्देवालाई श्रद्धाञ्जली स्वरूप समर्पित गरिएको गायाक लामाले बताए । बर्देवा नेपाली पप संगीतका चर्चित गायक, गीतकार, संगीत संयोजक र गिटारवादक थिए ।

उनका 'गोरटो अनि उस्तै छ गली' र 'बिहानीमा' जस्ता गीत चर्चित छन् । सन् २०१६ मा ४४ वर्षको उमेरमा बर्देवाको निधन भएको थियो ।


**कर्णाली प्रदेश सरकार**
**जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय**
**खानेपानी, सिंचाई तथा ऊर्जा निर्देशनालय**
**खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय**
**दुनै डोल्पा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८१/०७/२५ गते**

यस कार्यालयबाट मिति २०८१/०६/११ गतेको मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार e–GP system मार्फत पेश भई आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विवरण**

| ठेक्का नं | निर्माण कार्यको विवरण | स्वीकृत हुने निर्माण कम्पनीको नाम /ठेगाना | कबोल अंक (मू.अ.क बाहेक पीएस सहित) |
|---|---|---|---|
| WIEDO/DOLPA/NCB/WORK/2081-082-01 | Balasa Drinking Water Supply and Sewarage Construction Scheme, Jagadulla RM-6, Dolpa | M/S Shristi Nirman Sewa, Mudkechula RM-09 Horta, Dolpa | 14,98,862.10 |
| WIEDO/DOLPA/NCB/WORK/2081-082-02 | Lahara 5 Lakana Badhi Foi Maina Dhara DWSS Construction Scheme, Thulibheri Municipality-5, Dolpa | M/s Krishna/Hp construction JV, Thulibheri-3, Dolpa | 18,39,817.00 |
| WIEDO/DOLPA/NCB/WORK/2081-082-03 | Meltali Scheme Construction (Drinking Water Supply Scheme), Tripurasundari Municipality-11, Dolpa | M/S New Era Construction, Tripurasundari-10, Dolpa | 16,41,996.71 |
| WIEDO/DOLPA/NCB/WORK/2081-082-04 | Muhu Gaun Drinking Water Supply and Sewarage Construction Scheme, Tripurasundari Municipality-11, Dolpa | M/S Cordycap King Construction And Suppliers Pvt.Ltd, Tripurasundari-11 Huma Dolpa | 12,09,485.86 |
| WIEDO/DOLPA/NCB/WORK/2081-082-05 | Water quality improvement work related program/ infra. Construction for Bagar Bazar Brihat Drinking Water Supply Scheme, Tripurasundari Municipality-1, Bagar Dolpa | Thapa Multi-Purpose Construction Pvt. Ltd., Tripurasundari-2, Dolpa | 17,78,641.09 |
| WIEDO/DOLPA/NCB/WORK/2081-082-06 | Dhara Dekhi School Samma Masonry Wall Construction Works (Plum Concreting Retaining and Brest Wall Works), Thulibheri Municipality-6, Dolpa | M/S Durga Nirman Sewa Shristi Order and Suppliers, Thulibheri-6, Dolpa | 23,94,036,14 |

**कार्यालय प्रमुख**



**Terhathum Power Company Limited**
KMC Ward No 9, Battisputali, Kathmandu
Phone No: 01-4253387 | Email:terhathumpc@gmail.com

**UNAUDITED FINANCIAL RESULTS**

**Statement Of Financial Position** *Figure in NPR*

| Particulars | This Quarter Ending 30 Ashoj 2081 | Previous Quarter Ending 31 Ashadh 2081 | Corresponding Previous Quarter Ending 30 Ashoj 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non current Assets** | | | |
| Property Plant and Equipment | 2,499,295 | 2,656,357 | 1,157,928 |
| Intangible Assets | 1,117,818,179 | 1,128,835,138 | 1,161,886,016 |
| Intangible Assets Under Development | 30,523,005 | 31,464,211 | 27,454,975 |
| Other Non Current Assets | | | |
| **Total Non Current Assets** | **1,150,840,479** | **1,162,955,706** | **1,190,498,919** |
| **Current Assets** | | | |
| Trade & Other Receivables | 54,444,012 | 24,242,856 | 43,183,228 |
| Cash and Cash Equivalent | 1,051,047 | 759,826 | 24,126,586 |
| Other Current Assets | 26,366,680 | 24,761,403 | 27,062,079 |
| **Total Current Assets** | **81,861,738** | **49,764,085** | **94,371,892** |
| **Total Assets** | **1,232,702,218** | **1,212,719,792** | **1,284,870,811** |
| **Equity and Liability** | | | |
| **Equity** | | | |
| Share Capital | 400,000,000 | 400,000,000 | 400,000,000 |
| Reserve and Surplus | (130,431,166) | (176,464,213) | (118,827,371) |
| **Total Equity** | **269,568,834** | **223,535,787** | **281,172,629** |
| **Liability** | | | |
| **Non Current Liabilities** | | | |
| Loans and Borrowings (Long Terms) | 905,083,641 | 925,152,207 | 936,137,711 |
| **Total Non Current Liabilities** | **905,083,641** | **925,152,207** | **936,137,711** |
| Current Portion of Long Terms Borrowing | 42,237,052 | 42,921,409 | 42,000,000 |
| Short Term Loan & Borrowing | - | | 10,000,000 |
| Trade and other Payables | 11,849,170 | 17,204,240 | 10,618,615 |
| **Other Current Liabilities** | **3,963,521** | **3,906,149** | **4,941,856** |
| **Total Current Liabilities** | **58,049,743** | **64,031,798** | **67,560,471** |
| **Total Liability** | **963,133,384** | **989,184,005** | **1,003,698,182** |
| **Total Equity and Liability** | **1,232,702,218** | **1,212,719,792** | **1,284,870,811** |

**Statement of Profit or Loss**

| Particulars | Upto this Quarter Ending | Upto previous Quarter Ending | Upto Corresponding previous Quarter Ending |
|---|---|---|---|
| **Revenue from operation** | **82,717,170** | **128,929,894** | **70,046,651** |
| Cost of Sales | 14,440,169 | 54,899,501 | 14,755,211 |
| **Gross Profit** | **68,277,001** | **74,030,394** | **55,291,440** |
| Other Income | | | |
| Administrative Expenses | 794,938 | 3,241,621 | 1,205,474 |
| Depreciation and Amortization Expenses | 158,757 | 620,325 | 66,943 |
| **Profit From Operations** | **67,323,306** | **70,168,448** | **54,019,023** |
| Finance Cost | 21,290,259 | 101,171,264 | 27,384,997 |
| **Profit Before Tax** | **46,033,046** | **(31,002,816)** | **26,634,026** |
| Income Tax Expenses | | | |
| **Profit from Continuous Operations** | **46,033,046** | **(31,002,816)** | **26,634,026** |
| Profit/(Loss) on Discontinue Operation (Net of Tax) | | | |
| **Net Profit for the Period** | **46,033,046** | **(31,002,816)** | **26,634,026** |
| Earning Per Share Annualized | 46.03 | (7.75) | 26.63 |
| Market Value Per Share | 489.90 | 536.70 | 329.00 |
| Price Earning Ratio | 10.64 | (69.25) | 12.35 |
| Current Ratio | 1.41 | 0.78 | 3.69 |
| Net Worth Per Share | 67.39 | 55.88 | 70.29 |

**Notes:**
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts
2. Previous period figures have been reclassified/adjusted wherever considered necessary

**First quarter disclosure as of 30 Ashoj 2081**
**As per Securities Registration and Issue Regulations, 2073**

1. **Financial Statements**
The unaudited financial statements for the First quarter and the financial ratios have been published along with this report.
2. **Management Analysis**
- The company has successfully commenced the commercial operation of 7.5 MW Upper Khorunga Khola Small Hydropower Project. After completion of transmission line the company was able to sale its produced energy to NEA in Take and Pay Basis effective from 10 Bhadra 2078. After full completion of the transmission line company would be able to sale the energy on Take or Pay basis.
- Increase in flow of water along with increase in energy production is increasing the company performance compared to previous quarter.
- Till quarter end no other incident or situation has been seen adversly affecting the financial affairs of the company.
3. **Legal Proceedings**
- Case filed or filed against the company during the quarter, if any- None
- Case filed or filed against the company or its promoter or director for violation of prevailing law or commission of criminal offence, if any- None
- Case relating to commission of financial crime against any director or promoter- None
4. **Analysis of Share Transactions**
- Shares of the company were actively traded during the quarter
- Major highlights of share transaction during the quarter are as follows: Maximum Price- Rs 615 Minimum Price- Rs 410 Closing Price- Rs 489.9 Transactions Days 57 No of Transactions-17,296 Total Traded Volume-2,017,333 Total Turnover-1,015,076,820
5. **Problems and Challenges**
**Internal Risk**
- Managing operational efficiency
- Regular or post operation maintenace due to geographical location
**External Risk**
- Fluctuation of financing cost
- Delay on statutory approvals for the new project
- Insufficient rainfall and prolonged dry periods can reduce river levels, directly impacting power generation.
6. **Corporate Governance**
- Board of Directors and Team management are committed to strengthen the corporate govrnance within the company.
7. **Declaration**
I the managing Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the ommission of which shall adversely affect the informed investment decision by the investors.

मध्यान्ह
www.madhyanhadaily.com



## यु-१९ महिला टी-२० विश्वकप छनोट

# नेपाल यूएईसँग १३ रनले पराजित

**काठमाडौं/मस-** यूएईमा जारी आईसीसी यु-१९ महिला टी-२० विश्वकप एसिया छनोटको तेस्रो खेलमा नेपालले हार व्यहोरेको छ । युनाइटेड अरब इमिरेट्स (यूएई)को अजमानस्थित द सेभेन रंगशालामा शनिबार भएको खेलमा घरेलु टोली यूएईले नेपाललाई १३ रनले हराएको हो ।

यूएईले दिएको एक सय २३ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय नौ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कप्तान पूजा महतोले सर्वाधिक ४८ रन बनाइन् । उनले ४३ बलमा ५ चौकाको मद्दतले सर्वाधिक ४८ रन बनाएकी हुन् । साना प्रवीण र सोनी पाख्रिनले समान १९/१९ रन बनाए । ज्योत्स्निका मरासिनीले ११, सावित्री धामीले ७ र एलिशाकुमारी यादवले तीन रन बनाइन् । यो खेलमा नेपालले अतिरिक्त तीन रन पाएको छ । यूएईका लागि इन्धुजा नन्दकुमार, लावन्या केनी र मेहक ठाकुरले समान १-१ विकेट लिए ।



त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको यूएईले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२२ रन बनाएको थियो । यूएईका लागि रिनिथा रञ्जितले सर्वाधिक ४८ रन बनाइन् । उनले ३३ बलमा ५ चौका र २ छक्कासहित सर्वाधिक ४८ रन बनाएकी हुन् । यस्तै लावन्या केनीले २०, इन्धुजा नन्दकुमारले १२, समाइरा धरनिधर्कले ८, अल मसीरा जहाँगीरले ६ रनको योगदान दिए । ऋषिता राजित र अवनी सुनिल पाटिलले समान ९/९ रन बनाए । युएइले अतिरिक्त १० रन प्राप्त गरेको हो ।

नेपालका लागि रिया शर्माले सर्वाधिक तीन विकेट लिइन् । पूजा महतो, कृश्मा गुरुङ र सीमा केसीले समान १-१ विकेट लिए । एसिया छनोटमा नेपालको यो पहिलो हार हो । यसअघि नेपालले दुई खेल जितेको थियो । पहिलो खेलमा नेपालले थाइल्याण्डलाई ६७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो । दोस्रो खेलमा नेपालले कुवेतलाई एक सय आठ रनले हराएको थियो ।

नेपालले आइतबार थाइल्याण्डसँग चौथो खेल खेल्नेछ । छनोट खेलमा आयोजक यूएईसहित नेपाल, कुवेत र थाइल्याण्ड सहभागी छन् । सहभागी चार टोलीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेसियामा हुने विश्वकपमा छनोट हुनेछ ।

# हेमन्त धामीको कप्तानीमा नेपाली टोली घोषणा

**काठमाडौं/मस-** यूएईमा हुने एसीसी मेन्स यु-१९ एसिया कप क्रिकेटका लागि नेपाली टोली घोषणा भएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार हेमन्त धामीको कप्तानीमा १८ सदस्यीय टोली घोषणा गरेको हो । टोलीको उपकप्तान भने अर्जुन कुमाल रहेका छन् ।

यस्तै टोलीको मुख्य प्रशिक्षकको जिम्मेवारी शक्ति गौचनले पाउँदा धिरेन्द्र चन्दलाई सहायक प्रशिक्षक तोकिएको छ । एसिया कपमा नेपालको पहिलो खेलमा श्रीलंकासँग रहेको छ । यसअघि एसिसीले शुक्रबार प्रतियोगिताको खेल तालिका सार्वजनिक गरेको थियो ।

यु-१९ टिममा परेका १८ खेलाडीमध्ये केही खेलाडी नोभेम्बर ३० देखि नै



काठमाडौंमा शुरु हुने नेपाल प्रिमियर लिग (एनपीएल)मा पनि विभिन्न टिममा अनुबन्ध भएका छन् । ती खेलाडीले एनपीएलको शुरुवाती केही खेल गुमाउनेछन् ।

नेपाली टिममा हेमन्त धामी (कप्तान), अर्जुन कुमाल( उपकप्तान), आकाश त्रिपाठी, उत्तम थापा, मयन यादव, नरेन साउद, युनिस विक्रम सिंह ठकुरी, नरेन भट्ट, सन्तोष यादव, युवराज खत्री, रोशन विक, विपिन महतो, राजेश यादव, दयानन्द मण्डल, अपराजित पौडेल, अभिषेक तिवारी, दिलसाद अलि र रन्जित कुमार रहेका छन् ।

# अन्तर्राष्ट्रिय क्रसकन्ट्री दौड समूहगतमा नेपाली र व्यक्तिगत स्पर्धामा चिनियाँ खेलाडी च्याम्पियन

**कास्की/मस-** नेपाल र मित्रराष्ट्र चीनका खेलाडीकाबीच पोखरामा आज सम्पन्न तेस्रो संस्करणको अन्तर्राष्ट्रिय पर्वतिय क्रस कन्ट्री दौडमा समूहगत स्पर्धामा नेपाली धावक च्याम्पियन भएका छन् । यसैगरी व्यक्तिगत स्पर्धाको महिला तथा पुरुष दुवैतर्फ चिनियाँ धावक विजेता भएका सफल भए ।

समूगत स्पर्धामा नेपालका सुशीलकुमार शाही, सिर्जना पौडल र श्रीकाश राई सम्मिलित टोलीले रनिङ, साइक्लिङ र रोइङसहितको निर्धारित ५० किमी दूरी ४ घण्टा २० मिनेट १४ सेकेण्डमा पार गरी उपाधि जितेको हो ।

नेपाली सेनाका करन रावत, नरेन्द्र सिंह रावत र निर्मला राई सम्मिलित टिमले ४ घण्टा २२ मिनेट २९ सेकेण्डमा दौड पूरा गरी उपविजेता बने । यसैगरी सशस्त्र प्रहरी बलका लक्ष्मण मल्ल, निरज भट्ट र पुष्पा भण्डारीको टोलीले ४



घण्टा २३ मिनेट आठ सेकेण्डमा दौड पूरा गरी तृतीय भएको छ ।

प्रतियोगिताको समूगत स्पर्धातर्फका बिजेताले रु चार लाख ५८ हजार चार सय, उपविजेताले रु तीन लाख ४३ हजार आठ सय र तृतीयले रु दुई लाख २९ हजार दुई सय पुरस्कार पाए । यसैगरी 'व्यक्तिगत स्पर्धा'मा पुरुषतर्फ चीनका धावक एङ ज्याङ जेनले निर्धारित ५० किमी दौड ३ घण्टा ४४ मिनेट १२ सेकेण्डमा पार गरी विजेता भए ।

नेपाली धावक कुलबहादुर बस्नेतले तीन घण्टा ४८ मिनेट दुई सेकेण्डमा दूरी पार गरी द्वितीय भए । नेपालकै होमलाल श्रेष्ठले ३ घण्टा ५३ मिनेट ३३ सेकेण्डमा दौड पूरा गरी तृतीय बने ।

महिलातर्फ चीनका फ्रेङ वाङ रोङले ४ घण्टा १४ मिनेट ४८ सेकेण्डमा दौड पूरा गरी उपाधि जिते । नेपाली धाविका जुम्लाका कल्पना बुढा उपविजेता बने । उनले निर्धारित दूरी ४ घण्टा ५० मिनेटमा पार गरिन् । नेपाल प्रहरीका राम माया बुढाले ५ घण्टा आठ मिनेट १८ सेकेण्डमा दौड पूरा गरी तृतीय भइन् ।

'व्यक्तिगत स्पर्धा' दौडतर्फको पुरुष तथा महिला दुवैतर्फको विजेताले रु एक लाख ५२ हजार आठ सय, उपविजेताहरूले रु एक लाख १४ हजार छ सय र तृतीय हुने दुवै तर्फकाले रु ७६ हजार चार सयका साथमा मेडल तथा प्रमाणपत्र पुरस्कार प्राप्त गरे ।

नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका र काठमाडौंस्थित चिनियाँ राजदूतावासको संयुक्त आयोजना तथा हिमालयन टुरिजम फोरमको व्यवस्थापनमा प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा टिम इभेन्टतर्फ १९ र चीनतर्फका चार समूह तथा व्यक्तिगततर्फ नेपाली महिला तथा पुरुष ८७ चीन तर्फका २९ जनाले प्रतिस्पर्धा गरेको हिमालय टुरिजम फोरमका मिडिया संयोजक इन्जिरियन प्रतीकराज पहारीले जानकारी दिए ।

# देउती कैलाश युवा क्लबलाई उपाधि



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २४ कात्तिक

जुम्लामा दलित सेवा संघले आयोजना गरेको जिल्लास्तरीय दलित पुरुष फुटबल प्रतियोगिताको उपाधि तिला गाउँपालिका-३ देउती कैलाश युवा क्लब कुडारीले जितेको छ । प्रतियोगिताको फाइनल खेलमा तातोपानी गाउँपालिका-६ हियाखोलाको समाज चेतना युवा क्लबलाई पराजित गर्दै देउती कैलाश युवा क्बलले उपाधि जितेको हो ।

देउती कैलाशले समाज चेतनालाई पेनाल्टी सुटआउटमा ३-२ गोलअन्तरले पराजित गर्दै उपाधि हात पारेको दलित सेवा संघ जुम्लाका अध्यक्ष भीम सार्कीले बताए । खेलको निर्धारित समयमा दुवै टोलीबीच एक-एक गोलको बराबरी भएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो ।

'जात न सोध आचरण सोध' भन्ने मूल नारा तथा 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र दलित एकताका लागि खेलकुद' भन्ने साहयक नारासहित कात्तिक १९ गते प्रतियोगिता शुरु भएको थियो । विजयी क्लबलाई ट्रफी, मेडल, प्रमाणपत्रसहित ६६ हजार ६ सय ७० रुपैयाँ र दोस्रो हुने अर्थात उपविजेता युवा क्लबलाई ३३ हजार ३ सय ३५ रुपैयाँ पुरुस्कार प्रदान गरिएको दलित सेवा संघ जुम्लाका सचिव रामबहादुर नेपालीले बताए । सेनाको टुडिखेल मैदानमा ६ दिनसम्म सञ्चालन भएको फुटबल प्रतियोगितामा जिल्लाभरबाट १७ वटा टिम सहभागी भएका थिए ।

स्थानीय सिंजा गाउँपालिका जुम्लाका अध्यक्ष पूर्णप्रसाद धितालले दलित सेवा संघले आयोजना गरेको खेलकुद प्रतियोगिताप्रति आफू सधैं सकारात्मक भएर लाग्ने बताए । उनले खेलकुदका लागि आवश्यक भौतिक संरचना निर्माण गर्दै गएको र अझ गर्दै जाने प्रतिबद्धता व्यक्त गरे । जिल्ला फुटबल संघका अध्यक्ष भरत बहादुर बुढ्थापाले दलित समुदायका खेलाडीहरुलाई क्लब दर्ता गरी एन्फामा आउन अनुरोध गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का केन्द्रीय नेता मनसुर सुनारले आठ वटा स्थानीय तहले सहयोग गरेको कार्यक्रममा नगरपालिकाका जनप्रतिनिध नआएको भन्दै दुःख व्यक्त गरे । उनले दलित युवा खेलाडीलाई आगामी दिनमा राष्ट्रियस्तरका खेलाडीको रुपमा चिनिन शुभकामना दिए ।

तिला-३ का वडाध्यक्ष ललित बहादुर शाहीले स्वस्थकर अनुशासित खेलले व्यक्ति आफू मात्र स्वस्थ नभइ असल सोचको विकास, जीवन र समाज पनि परिवर्तन हुने बताए । उनले आयोजक दलित सेवा संघलाई प्रतियोगिता आयोजना गरेकोप्रति अभार व्यक्त गरे । उनले भने, 'खेलमा हार जित हुन्छ यो खेलको नियम हो । उपविजेता खेलाडीलाई भ्रातृत्व, मैत्रीपूर्ण सम्बन्ध स्थापित गरी असल सन्देश प्रवाह गर्न अनुरोध छ ।'

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०७/२५**

यस कम्पनीको मिति २०८१/०७/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०७/१२ को चलानी नं. १९५९९ को स्वीकृति पत्रानुसार साविक कम्पनी **एडभेन्चर माउन्टेन नेपाल ट्रेकिंग एण्ड क्लाईम्बिङ प्रा.लि. (प्रा.लि.नं. १६०७०७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नूपर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **एडभेन्चर माउन्टेन ट्रेक्स प्रा.लि.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी**

कम्पनी: AL MUTHANNA RECRUITMENT FOR RECRUTING AND HIRING DOMESTIC WORKERS LTD — शहर: AMMAN

पूर्व स्वीकृत मिति: २०८१/०३/२७ — चलानी नं.: ६०२२२१०५ — LT. No.: 307331 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/Housemaid | 0 | 22 | स. काममा दक्ष | 300 | ४०,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ मंसिर २, ३ र ४ गते सम्म (17, 18 & 19 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EARTH VISION MANPOWER SERVICES PVT. LTD.**
Jayabageshwori, Kathmandu, Nepal, Tel.: 4481192
9801102204, 9801102202, Email:earthvision2016@gmail.com
Govt. Lic. No. 749/064/065

**कतारमा रोजगारको अवसर |** कम्पनी : GOLDEN FUTURE HR CONSULTANCY — शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८१/०७/२३ — चलानी नं.: ६०२२७६६७ — L.T. No.:313078

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 2 | सम्बन्धित काममा दक्ष | 2500 | ९२,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cashier | 0 | 2 | | 1500 | ५५,४२५ | | | | | | | |
| 3. | Secretary (M) | 1 | 0 | | 2100 | ७७,५९५ | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 3000 | ११०,८५० | | | | | | | |
| 5. | Accountant | 1 | 0 | | 4000 | १४७,८०० | | | | | | | |
| 6. | Executive Sales | 1 | 0 | | 2100 | ७७,५९५ | | | | | | | |
| 7. | Sales Manager | 1 | 0 | | 5500 | २०३,२२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**New Light International Pvt. Ltd.**
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185
Mobile No: 9841039034 | Email: info.newlight1403@gmail.com
Govt.Lic.No. 1403/074/075

हार्दिक बधाई तथा शुभकामना

Samriddhi Finance
समृद्धि फाइनान्स कम्पनी लिमिटेड
Samriddhi Finance Company Limited
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था
Head Office: Hetauda, Makwanpur
Putalisadak, Kathmandu, Ph.: 01-5318838, 5322083,5919083
Email: info@sfcl.com.np, Web: www.sfcl.com.np
२३ औं वार्षिकोत्सव

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था
Your Financial Friend
Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.
चारखाल मार्ग, डिल्लीबजार, काठमाडौं
फोन : ०१ ४४३७४०१ फ्याक्स : ०१ ४०११५२५
वेभ : www.gurkhasfinance.com.np

Neology NEXT
Neology Next Pvt. Ltd.
1F, Radha Bhawan, Saraswati Marg, Tripureshwor, Kathmandu
Email: info@neologynext.com.np
Phone No: 01-5365728, 5365729

Himal®
Where quality is a tradition
Himal Metal & Steel Industries
(Manufacturer of all Types of Steel Furniture & Steel Items)
Nala, Banepa-4, Kavre
011-663625

PRAMOD ACHARYA
Chairman
9851034443, 9851087768
Sukedhara-04, Kathmandu, Nepal
+977 01 5902114/15/16/17
info@deluxesecurityservice.com.np
www.deluxesecurityservice.com.np
"A Quality Security Guard Suppliers & Training Center"

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

Alpha Security & Training Center Pvt. Ltd.
Pokhara-9, Kaski
Ph.: 061-582108
Mob.: 9851192508

PRABHU Money Transfer
Toll Free No.: 1660-01-44444
www.prabhumoneytransfer.com.np

विश्वको कुनै पनि ठाउँबाट नेपालभर पैसा पठाउने भरपर्दो माध्यम
NepalRemit INTERNATIONAL PVT LTD
नेपालरेमिट
Toll Free No.: 1660-01-68800
www.nepalremit.com

**बहराइनमा रोजगार |** कम्पनी : WESTON CLEANING — शहर: Bahrain — पुन:विज्ञापन

पूर्व स्वीकृत मिति: २०८१/०३/३१ — चलानी नं.: ६०२२२२५० — L.T. No.: 307542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 17 | 10 | स. काममा दक्ष | 100 | ३५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सुगम ओभरसिज प्रा. लि.** — SUGAM OVERSEAS PVT. LTD. Exclusive Human Resource Company — इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

**UAE मा रोजगार** — कम्पनी : Emirates Services LLC — शहर : UAE

पूर्व स्वीकृत मिति: २०८१/०७/१४ — चलानी नं.: ६०२२७४४६ — L.T. No.: 313051

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 6 | 1 | सम्बन्धित काममा दक्ष | 800 | २९,३४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | customer service executive | 2 | 0 | | 1500 | ५५,०२० | | | | | | | |
| 3. | Light Duty Driver (UAE Driving lice | 2 | 0 | | 1700 | ६२,३५६ | | | | | | | |
| 4. | Pesticides Worker (Trainee) | 4 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 5. | Rope Access Cleaners (Level 1) | 3 | 0 | | 1200 | ४४,०१६ | | | | | | | |
| 6. | Rope Access Cleaners (Level 2) | 1 | 0 | | 1500 | ५५,०२० | | | | | | | |
| 7. | Rope Access Cleaners (Level 3) | 2 | 0 | | 3000 | ११०,०४० | | | | | | | |

**प्रि अन्तर्वार्ता भइरहेको छ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर २ गते (17 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Avoir HR Services Pvt Ltd** ( साबिक C.S.T. SEASON SERVICE PVT. LTD.)
Govt. Lic. No. 912/067/068
Opposite Bashundhara Chowki, Kathmandu Nepal | Tel:01- 4973888, Mobile: 9802372112, E-mail: cv@avoir.com.np

**UAE मा रोजगार VIMAL ANTONY PLASTER & TILES CONT**

पूर्व स्वीकृती मिति: २०८१/०६/२० — चलानी नं.:६०२२६३०८ — LT No.: 311895

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 40 | काममा दक्ष | 1200 | ४३,९८०।- | नियम अनुसार | ८ घण्टा | ६ दिन | नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Steal Fixer | 30 | | 1200 | ४३,९८०।- | | | | | | | |
| ३. | Stone Mason | 30 | | 1200 | ४३,९८०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले तिर्ने र कति लाग्ने | भिसा शुल्क कसले तिर्ने रकम लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | रु.१०,०००।- |

**अन्तरवार्ता : २०८१ मंसिर १० गते (25 Nov., 2024) नाइल ट्रेनिङ सेन्टर, सिनामंगलमा, २०८१ मंसिर ११ गते (26 Nov., 2024) गल्फ ट्रेनिङ सेन्टर, जनकपुरमा, २०८१ मंसिर १२ गते (27 Nov., 2024) सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरीमा, २०८१ मंसिर १३ गते (28 Nov., 2024) अञ्जली ट्रेनिङ सेन्टर, विर्तामोडमा र २०८१ मंसिर १४ र १५ गते (29 & 30 Nov., 2024) यस प्रा. लि. को कार्यालय, महाराजगञ्ज, काठमाडौंमा हुनेछ ।**

**AL-KARIM HUMAN RESOURCES PVT. LTD.**
Maharajgunj, Chakrapath, Kathmandu Tel.:01-4521108, 4521056
Govt Lic.: 1181/073/74



# ढुवानी यातायातलाई व्यवस्थित गर्न नसक्दा जोखिममा पर्दैछ लगानी

नेपालमा ट्रक यातायातले ढुवानी क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । ढुवानीको लागि एक महत्वपूर्ण माध्यमको रुपमा रहेको ट्रक व्यवसायमा समय सापेक्ष नीति तथा कानून अभावले गर्दा व्यवसाय नै भन्द्रगोल अवस्थामा चलिरहेको व्यवसायीहरुले बताएका छन् । भारतीय ट्रकहरु निर्वाध रुपमा नेपाल आवतजावत गर्नसक्ने नीतिको कारण ट्रक किनेर व्यवसाय गरेका व्यवसायी पलायनको अवस्थामा पुगेको व्यवसायीहरुको गुनासो छ । अर्को तर्फ नेपालको प्रशासनले समेत ट्रक व्यवसायीलाई यो वा त्यो बाहनामा जरिवाना गर्ने कारण समेत यो क्षेत्रमा लगानी गरेकाहरु समस्यामा परेको व्यवसायीहरुको भनाइ छ । प्रस्तुत छ, यसै सन्दर्भमा नेपाल ट्रक यातायात व्यवसायी महासंघका महासचिव **राजेन्द्र विक्रम बानियाँ**सँग मध्यान्हका **छबि सापकोटा**ले गरेको कुराकानी ।

**राजेन्द्र विक्रम बानियाँ**
**महासचिव, नेपाल ट्रक यातायात व्यवसायी महासंघ**

**नेपालमा ट्रक यातायात व्यवसाय कसरी चलिरहेको छ ?**

ट्रक यातायात व्यवसाय अझैपनि २० वर्ष अघि कै पुरानै नीति अनुसार चलिरहेको छ । जति बेला नेपालमा सवारी साधन भित्रियो त्यो समयमा जुन किसिमले ट्रक व्यवसायको काम हुन्थ्यो अहिलेसम्म पनि उस्तै छ । व्यवसाय सञ्चालन विधि अहिलेसम्म लोड अनलोडमै सीमित छ । नेपालमा यातायात नीति ३० वर्ष अघि कै छ । त्यो नीतिबाट अहिले काम गर्न निकै असहज छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसार अहिलेपनि हामी चलिरहेका छौं । सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अनुसार हाम्रो यातायात क्षेत्र चलिरहेको छ । समय सापेक्ष नीति तथा कानून परिवर्तन गरेर ढुवानीको साधनलाई व्यवस्थित गर्दै भरपर्दो बनाउनु पर्ने हो । तर, त्यसो हुन सकेको छैन । नेपालमा बिषादी, रासायनिक मल बोकेर ल्याएको ढुवानीले दालचामल र तरकारी बोकिरहेका छन्, यस्तो अव्यवस्थित कतै छैन ।

**ट्रक यातायातलाई व्यवस्थित गर्नका लागि के गर्न आवश्यक देख्नुहुन्छ ?**

सर्वप्रथम यो क्षेत्र र व्यवसाय नेपालको एक मात्र ढुवानीको विकल्प हो । यो व्यवसायलाई वैज्ञानिक बनाउन आवश्यक छ । नेपाल जस्तो भूपरेवेष्ठित मुलुकमा अन्य ढुवानीको विकल्प कम हुन्छ । हवाई यातायात निकै महँगो छ । पहाडी भेगसम्म ढुवानी गर्न निकै गाह्रो अवस्था छ । त्यसैले यो व्यवसायलाई मर्यादित बनाउन आवश्यक छ । तर, ढुवानी व्यवसायलाई व्यवस्थित बनाउने विषयमा कसैको ध्यान जान सकेको छैन ।

यातायात व्यवस्था विभाग, मन्त्रालय, नियामक निकाय त्यति सिरियस भएको देख्दैनौं । ढुवानीको लागि ट्रक, लहरी नै एक मात्र विकल्प हो । ढुवानीलाई कसरी छिटो र व्यवस्थित, भाडा र लागत खर्च घटाउने भन्नेतर्फ सरकार नै उदासिन छ । त्यसको असर ढुवानीकर्ता र उपभोक्तालाई परिरहेको छ । यसमा सरकारलाई सोच्ने फुर्सद छैन । पारवहन सन्धीले समेत ढुवानी यातायात फस्टाउन सकेको छैन । पारवाहन सन्धी त्यतिबेला भयो जतिबेलामा नेपालमा १० वटा समेत ट्रक थिएनन् । सबै भारतीय ट्रकले नेपालमा ढुवानी गर्ने गरेका थिए । तर, अहिले नेपाली लगानीकर्ताले ढुवानीको लागि ६ चक्कदेखि १८ चक्केसम्मका ट्रक ल्याएका सञ्चालनमा छन् । हाम्रो सवारी साधन अहिले उच्च हिमालसम्म ढुवानी गरिरहेका छन् । तर, हाम्रोमा अझैपनि भारतबाट आउने अधिकांश सामग्री भारतीय ट्रकले बोकिरहेका छन् ।

भारतीय सवारी साधन निर्वाध नेपाल भित्रिँदा नेपाली व्यवसायीले काम पाएका छैनन् । भारतका ठूला गाडीले नेपालको सडक त बिगार्नुको साथै सडक कब्जा गरेर गुड्ने गरेका छन् । भारतीय गाडी ४/५ वटा लाईन लागेर सडक नै कब्जा गर्छन्, लामा-लामा कन्टेनर बोलेर आउँछन् । भारतीय सवारी साधनले गर्दा समेत दुर्घटना धेरै हुने गरेको छ । भारतीयलाई हाम्रो सडकको अनुभव कम हुदाँ समेत दुर्घटनाको जोखिम झदै बढेको छ ।

**सरकारले नेपाली ट्रक यातायात क्षेत्रलाई हेर्ने दृष्टिकोण कस्तो छ ?**

हाम्रोमा यातायात नीति समय सापेक्ष नहुँदा भद्रगोल रुपमा ट्रकहरु चलिरहेका छन् । ५ वर्षपछि यो व्यवसायमा के हुन्छ भन्ने अन्योल छ । भारतीय सवारीले आएर हाम्रो काम नै खोसिँदिँदा समेत कसैलाई केही मतलब छैन । भारतीय ट्रक निर्वाध रुपमा आइरहेका छन् । बल्ल यो आर्थिक वर्षदेखि ७२ घण्टाको लागि १५ सय मात्र तिर्ने गरेका छन् सरकारलाई । तर, ७२ घण्टामा पुर्वदेखि पश्चिमसम्म पुगेर पर्किन्छन् ती ट्रक । यसले नेपालको रोजगारी समेत खोसिदिएको छ ।

**ट्रक व्यवसायलाई व्यवस्थित गर्न के गर्नुपर्छ ?**

यो व्यवसायको लागि अहिले अधिकार सम्पन्न यातायात प्राधिकरण आवश्यक छ । जस्तो हवाई उड्डयन प्राधिकरण छ । हाम्रोमा सडक सुरक्षित छैन । दक्ष चालक समेत पलायन भइरहेका छन् । सरकार जरिवाना र राजस्व कसरी उठाउने मात्र केन्द्रित भएको देखिन्छ । प्रशासनले समेत ट्रक व्यवसायी, चालक र कर्मचारीलाई दुःख दिने भन्ने धेरै गुनासो छ । पतलैयाबाट विरगंजसम्म २५ किलोमिटर छ तर, त्यहाँ तीन स्थानमा चेक जाँच हुन्छ । किन होला ? चेकिङको नाममा जरिवाना गर्ने काम धेरै हुन्छ । साच्चिकै नियमनको लागि नियमन भइरहको हो की अर्को कुनै कारण छ ? यस्तो घटना देशको धेरै स्थानमा हुन्छ ।

**ट्रक व्यवसायीका समस्या के छन् ?**

निजी क्षेत्रको बलमा मात्र यो व्यवसाय टिकेको छ । आम्दानी कम जोखिम धेरै भएको अवस्थामा ट्रक व्यवसायी चलिरहेका छौं । दुर्घटना बीमा निकै कम छ । डिजिटल प्रविधि नहुँदा लोडको मापन गर्न सकिएको छैन । अर्को सबैभन्दा ठूलो समस्या हामीलाई ट्रक पार्किङको छ । देशमा ट्रक पार्किङ नै छैन भन्नु कति लज्जाको विषय होला ? ढुवानीको साधनलाई पार्किङ गर्ने स्थान कतै छैन । यसमा संघ, प्रदेश र स्थानीय सरकराले समेत यसमा अनुभूति गरेको पाइदैन । यहाँ सरकारी जग्गा कब्जा गर्ने धेरै छन् तर, यातायातको साधनलाई पार्किङ लागि स्थान छैन ।

पार्किङ नहुँदा नगरको सुन्दरता समेत कुरुप बन्दै गएको छ । जहाँ पायो त्यहिँ साईड लगाएर रोक्नु पर्ने बाध्यता छ । सडककै छेउमा गाडी पार्किङ गर्दा दुर्घटना समेत निम्तिरहेको छ । नीति नियम बनाउँदा हाम्रो दैनिक उपभोग्य सामान ढुवानी गर्ने साधन कहाँ कसरी पार्किङ गरेको होला भनेर सोच्ने समेत फूर्सद छैन ।

**ढुवानी यातायातलाई व्यवस्थित गर्न राज्यले अब के गर्नुपर्छ ?**

नेपालमा सामग्री ओसारपसार गर्नका लागि ढुवानीको विकल्प नै छैन । राज्यले यसको संरक्षण गर्नुपर्छ । नेपाली सवारी साधन नचल्ने तर, भारतीयले निर्वाध रुपमा ढुवानी गर्ने अवस्था छ । यो रोक्नुपर्छ । नेपालमा वर्षमा ३ लाख ५० हजार भारतीय सवारी साधन आउने गरेका छन् । यो संख्या नेपालमा रहेको ट्रक जति त भारतबाट आएका छन् । यसले हाम्रो आधा व्यापार भारत नै गएको छ । भारतीय सवारी साधन रोक्न सक्ने हो भने नेपालीले काम पाउने थिए । रोजगारी सृजना हुन्थ्यो । रोजगारीको लागि विदेश जान निकै कम हुन्थ्यो । हामीले सवारी साधन किन्दा महँगो भन्सार दरमा किन्नु परेको छ । तर, भारतबाट आउने सवारीसंग प्रतिस्पर्धा गर्न नसक्दा समेत समस्या छ ।

हाम्रो महँगो गाडीले सस्तो गाडीसँग हामी प्रतिस्पर्धा गर्नुपर्ने अवस्था छ । भारतीय अतिक्रमणले ढुवानी व्यवसायी निराश बनेका छन् । बीमा गरेपछि क्षतिको दायित्व हुनुपर्ने हो तर, यस्तो छैन । दुर्घटना भयो भने ट्रक व्यवसायी सडकमै आउनुपर्ने अवस्था छ । स्वास्थ्य उपचार निकै महँगो छ । एउटा दुर्घटना भयो भने ५० लाख खर्च हुने हुन्छ । दुर्घटनामा मृत्यु भएपछि ५ लाख र घाइतेको लागि ३ लाख बीमाको व्यवस्था छ । त्यसले अहिलेको अवस्थामा उपचार गर्न निकै असहज छ ।

# ‘दुई अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन पहिलो प्राथमिकता’



**काठमाडौं/मस** – संस्कृति, पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन पहिलो प्राथमिकता भएको बताएका छन् । भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा शुक्रबार र शनिबार गरी चारवटा अन्तर्राष्ट्रिय विमान कम्पनीले उडान गरेको अवसरमा पर्यटनमन्त्री पाण्डेले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै आफूले मन्त्री पदको जिम्मेवारी सम्हालेसँगै भैरहवा र पोखरा विमानस्थल सचालनका लागि पहिलो प्राथमिकता राखेको प्रष्ट पारे । उनले दुई अन्तर्राष्ट्रिय विमानस्थ सञ्चालनमा सहयोग गर्नेहरुप्रति धन्यवाद ज्ञापन गरे ।

‘मैले मन्त्रालयको जिम्मेवारी सम्हाले लगत्तै हामीले यी दुई विमानस्थल सञ्चालनलाई पहिलो प्राथमिकतमा राखेर तद्अनुरुप कार्य प्रक्रिया अगाडि बढायौँ’, पर्यटनमन्त्री पाण्डेले भने, ‘सरोकारवाला मन्त्रालयका प्रतिनिधिसहितको सुझाव समिति गठनगरी सोही समितिको सुझावका आधारमा इन्धन मूल्य कम गर्ने तथा करलगायतका विषयमा छुट दिने निर्णय गर्यौं । त्यसैको परिणाम स्वरुप अहिलेको उडान संभव भएको हो ।’ उनले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि यसै हप्ता अन्तर्राष्ट्रिय चार्डड उडान भएको र सो विमानस्थलमा पनि थप उडानका लागि प्रयासहरु भइरहेको जानकारी दिए ।

मन्त्री पाण्डेले ठूलो पुँजी लागानी गरेका विमानस्थल पूर्णरुपमा सञ्चालका लागि त्यससँग जोडिएका यातायात होटल तथा अध्यागमन श्रमलगायत अन्तरसम्बन्धित (इन्टर लिंक) पूर्वाधारहरुको विकास हुनु आवश्यक रहेको उल्लेख गरे । ती सम्पूर्ण पूर्वाधार निर्माण, यात्रु तथा विमान कम्पनीहरु अभ्यस्त हुन केही समय लाग्नसक्ने भन्दै उनले यी तमाम कामलाई चरणबद्ध रुपमा सम्पन्न गर्न सरकार प्रतिबद्ध रहेको बताए ।

पर्यटनमन्त्री पाण्डेले अन्तर्राष्ट्रिय विमानस्थल जस्तो बृहत विकास परियोजना पूर्णक्षमता सञ्चालनमा आउन केही समय लाग्ने बताए । उनले भने, भैरहवा विमानस्थल निर्माण सम्पन्न भए पनि यसमा इन्स्ट्रुमेन्टल ल्यान्डिङ सिस्टम (आइएलएस) जस्ता उपकरण सञ्चालन गर्न र सहज हवाई रुटका लागि छिमेकी मित्रराष्ट्र भारतबाट स्वीकृति लिनुपर्नेजस्ता प्राविधिक समस्याहरु विधमान थिए र यी विषय अझै पनि छलफलका क्रममा छन् । जसले गर्दा दुई वर्षसम्म यी विमानस्थलबाट पनि खासै सेवा सञ्चालन हुन सकेन ।’

## भैरहवाबाट एकै दिन तीन अन्तर्राष्ट्रिय उडान

नेपालकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भए पनि अन्तर्राष्ट्रिय विमान पर्खिरहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट शनिबार तीन विमानले उडान भरिरहेका छन् । विमानस्थल शुरु भएदेखि नै उडान शुरु गरेको जजीरा एयरलाइन्सले स्थगित गरेको उडान शनिबारदेखि फेरी शुरु गरेको छ । शनिबार एक सय ७१ यात्रु लिएर आएको जजीरा एक बालकसहित एक सय ६८ यात्रु लिएर उडेको छ भने फ्लाई दुबई र नेपाल एयरलाइन्स पनि शनिबारदेखि उडान शुरु गर्दैछन् । यससँगै भैरहवाबाट अन्तर्राष्ट्रिय उडान गर्ने विमानको संख्या चार पुगेको छ ।

जजीरा एयर सातामा तीन दिन उडान गर्दैछ । मंगलबार, बिहीबार र शनिबार बिहान साढे ७ बजे भैरहवा आउने र साढे ८ बजे भैरहवाबाट कुबेतका लागि उड्ने विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिए । यस्तै फ्लाई दुबईले दैनिक उडान गर्ने र अपराह्न पौने २ बजे भैरहवा आउने तथा यसको एक घण्टापछि दुबई फिर्ता जाने उनले बताए । नेपाल एयरलाइन्सले सातामा तीन पटक काठमाडौं-भैरहवा-दुबई उडान गर्नेछ । तिवारीका अनुसार आइतबार, सोमबार र बुधबार नेपाल एयरलाइन्स काठमाडौंबाट बिहान १० बजे उडान गरी भैरहवा आउने र यहाँबाट दुबई जानेछ ।

तिवारीका अनुसार कतार एयरवेज, एयर अरेबियालगायत अन्य अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीसँग पनि भैरहवाबाट उडान गर्ने विषयमा छलफल भइरहेको छ । उनले अहिले भैरहवा विमानस्थल १८ घण्टा सञ्चालन भइरहेको र एक घण्टामा विमानस्थलमा दुई अन्तर्राष्ट्रिय विमान सञ्चालन गर्नसक्ने क्षमता रहेको बताए । ‘दैनिक ३६ वटासम्म विमान भैरहवाबाट हामी सञ्चालन गर्न सक्ने अवस्थामा छौँ’, तिवारीले भने, ‘अध्यागमनलगायत अन्य जनशक्ति अहिले पूरा छ, आवश्यकताअनुसार यसलाई थप परिमार्जन पनि गर्न सकिन्छ ।’

भैरहवा तथा यस आसपासका यात्रुहरु भैरहवामै अवतरण गर्न पाउँदा हर्षित भएका छन् । देवदह नगरपालिकाका तिजन रानाले पहिलो पटक भैरहवामै अवतरण गर्न पाउदा खुसी भएको बताए । ‘हामी भैरहवा विमानस्थल सञ्चालनको एकदमै पर्खाइमा थियौं, सञ्चालन हुने वित्तिकै पहिलो उडानबाट भैरहवा आएका छौँ’, उनले भने, ‘वर्षमा दुई पटक नेपाल आइन्छ, अब काठमाडौं नै धाउनुपर्ने बाध्यता हुँदैन ।’

सोही विमानमार्फत् भैरहवा आइपुग्नुभएका कुवेतका राजदूत घनश्याम लम्सालले पहिलो उडानबाट आउन पाउँदा खुशी भएको बताए । यसले नेपाल र कुवेतबीचको सम्बन्ध प्रगाढ बनाउनुका साथै त्यहाँका नेपाली नागरिकलाई आवतजावतमा सहज पुर्‍याउने बताए । राजदूत लम्सालले विमानस्थल नियमित सञ्चालनमा सबैलाई सहयोग गर्न आग्रह गरे । विमानस्थल सञ्चालनमा आएसँगै यात्रुहरुले यसलाई भने अब निरन्तरता दिनुपर्ने उनको भनाइ छ । व्यवस्थापन चुस्त राख्नुपर्ने, सार्वजनिक यातायातका साधन लगायतको विषयमा ध्यान दिन उनले सुझाव दिए ।



# पाथीभरा केबलकारको शिलान्यास
## १५ महिनाभित्र निर्माण सम्पन्न हुने

**ताप्लेजुङ/मस** – ताप्लेजुङमा रहेको प्रसिद्ध धार्मिक तीर्थस्थल पाथीभरा मन्दिरसम्म पुग्ने केबलकार निर्माणको शुक्रबार शिलान्यास गरिएको छ । संविधानसभा सदस्य डम्बरध्वज तुम्बाहाम्फे र फुङलिङ नगरपालिकाका प्रमुख अमिर मादेनले केबलकार निर्माणको शुरुवाती बिन्दु काफ्लेपाटीमा पूजा गर्दै संयुक्तरुपमा शिलान्यास गरेका हुन् ।

राजनीतिक दलका प्रतिनिधिहरु तथा जिल्लावासीको उल्लेख्य उपस्थितिमा पाथीभरा देवीको जय-जयकारसहित केबलकार निर्माणको शिलान्यास गरिएको निर्माण कम्पनी हिमालय कन्स्ट्रक्सनका प्रमुख इन्द्र केदेमले जानकारी दिए । ‘जिल्लाका सबै राजनीतिक दलका प्रतिनिधि, सांसद, मेयरसहित जनप्रतिनिधिहरु तथा स्थानीयहरुको उल्लेख्य उपस्थितिमा केबलकार निर्माणको शिलान्यास गरेका छौं, अब काम द्रुत गतिमा हुन्छ’, निर्माण कम्पनीका सञ्चालक केदेमले भने ।



पाथीभरा केबलकार कुनै एउटा कम्पनीको मात्र नभएर यो समग्र ताप्लेजुङ जिल्लाको आर्थिक, सामाजिक र सांस्कृतिक विकाससँग जोडिएको र ताप्लेजुङ तथा समग्रमा कोशी प्रदेशकै आर्थिक समृद्धिको कोशेढुंगा बन्ने बताउँदै केबलकार निर्माणकार्य द्रुत स्तरमा अगाडि बढाउन सबै पक्षले सहयोग गर्नुपर्ने मेयर मादेनले बताए । यसअघि केबलकार निर्माण हुने क्षेत्रमा रहेका रुखहरु हटाइएको र शुक्रबार केबलकार निर्माणको औपचारिक शिलान्यास भएको केबलकार कम्पनी सञ्चालक समिति सदस्य रुद्र पौडेलले बताए ।

पौडेलले अबको १५ महिनाभित्र केबलकार चढ्न पाइने जानकारी दिए । उनका अनुसार पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना, वातावरणीय सन्तुलन र आर्थिक तथा सामाजिक विकासका लागि केबलकार लाभदायक बन्नेछ ।

# सौर्य उर्जाबाट सात करोडको विद्युत उत्पादन

**झापा/रासस** – सौर्य ऊर्जा उत्पादन गर्दै आएको झापा इनर्जी लिमिटेडले नौ महिनामा सात करोड ११ लाख ३८ हजार सात सय १० मूल्य बराबरको विद्युत उत्पादन गरेर नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरेको छ । शिवसताक्षी नगरपालिका-४ बुलुचोकमा उक्त कम्पनीको सौर्य विद्युत परियोजना सञ्चालनमा रहेको छ । गत वर्षको माघ २३ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उक्त परियोजनाको उद्घाटन गरेका थिए ।

कम्पनीका प्रबन्ध सञ्चालक सुभाष भट्टराईले गत वर्षको माघ १० गतेदेखि विद्युत उत्पादन शुरु गरेको बताए । गत माघ १० गतेदेखि यस वर्षको कात्तिक २० गतेसम्मको अवधिमा परियोजनाले एक करोड १९ लाख सात हजार सात सय ८१ युनिट विद्युत उत्पादन गरेको उनले जानकारी दिए ।परियोजनाबाट उत्पादित विद्युत नजिकै रहेको नेपाल विद्युत प्राधिकरणको बुलुचोक सबस्टेसनमार्फत् राष्ट्रिय ग्रिडमा जोडिने गरेको छ ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**